# जन आदर्श बहुमुखी क्याम्पस

राप्ती नगरपालिका, चितवन

उपकुलपतिको कार्यालय योजना निर्देशनालय, कीर्तिपुर
२०८१।३।१२

## जन आदर्श बहुमुखी क्याम्पस विधान २०८१

२०८१ मंसिर

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

# जन आदर्श बहुमुखी क्याम्पस विधान-२०८१

**प्रस्तावना :**

नेपालको सर्वाङ्गीण विकासको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न स्तरयुक्त उच्च शिक्षा प्रदान गर्न विविध पक्षमा अनुसन्धान गर्न, राष्ट्रिय संस्कृति एवम् परम्पराको संरक्षण र विकास गर्न कला प्रविधि एवम् व्यवसायिक क्षेत्रको ज्ञान तथा अनुसन्धानलाई व्यापक एवम् व्यवहारिक र समय सापेक्ष गराउन त्रिभुवन विश्व विद्यालयको सम्बन्धन लिई **मुनाफाको उद्देश्य नराखी समुदायबाट सञ्चालित गैरनाफामुखी सामुदायिक क्याम्पस** स्थापना गरी क्याम्पसलाई निरन्तर विकास र बिस्तार गर्दै अझ व्यवस्थित र संस्थागत संरचनाको आधारमा सञ्चालन गर्न वाञ्छनीय भएकोले ***जन आर्दश बहुमुखी क्याम्पस विधान, २०८१*** तर्जुमा गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**(१) सङक्षिप्त नाम र प्रारम्भ :**

(क) यस विधानको नाम ***जन आर्दश बहुमुखी क्याम्पस विधान, २०८१*** रहनेछ

ख) यस क्याम्पसको नाम ***जन आर्दश बहुमुखी क्याम्पस*** रहनेछ र अंग्रेजीमा "**Jana Adarsha Multiple Campus**" रहनेछ ।

ग) यो विधान सञ्चालक समितिले/क्याम्पस साधारणसभाद्वारा पारित भई त्रिभुवन विश्वविद्यालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

(२) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा-

(१) "विधान" भन्नाले ***जन आर्दश बहुमुखी क्याम्पस विधान, २०८१*** लाई सम्झनु पर्दछ ।

(२) "नियमावली" भन्नाले यस विधान अन्तर्गत निर्माण गरिने नियमावलीहरूलाई सम्झनुपर्दछ ।

(३) "क्याम्पस" भन्नाले ***जन आर्दश बहुमुखी क्याम्पस*** लाई सम्झनुपर्दछ ।

(४) "क्याम्पस सभा" भन्नाले विधान बमोजिम गठन गरिएको क्याम्पस सभालाई सम्झनु पर्दछ ।

(५) "सल्लाहकार समिति" भन्नाले विधान बमोजिम गठन हुने सल्लाहकार समितिलाई सम्झनु पर्दछ ।

(६) "सञ्चालक समिति" भन्नाले यस क्याम्पस सञ्चालन गर्नको लागि विधान बमोजिम गठन गरिएको क्याम्पस सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

(७) "अनुगमन समिति" भन्नाले विधान बमोजिम गठन हुने अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(८) "पदपूर्ति समिति"भन्नाले विधान बमोजिम गठन हुने पदपूर्ति समितिलाई सम्झनु पर्दछ।

(९) "अध्यक्ष" भन्नाले क्याम्पस सञ्चालक समितिको अध्यक्षलाई र क्याम्पस सभाको अध्यक्षलाई समेत सम्झनु पर्दछ ।

(१४) "क्याम्पस प्रमुख" भन्नाले क्याम्पसको क्याम्पस प्रमुख, का.मु. क्याम्पस प्रमुख र निमित्त क्याम्पस प्रमुखलाई समेतलाई जनाउनेछ ।

(१५) "प्राज्ञिक समिति"भन्नाले विधान बमोजिम गठन हुने प्राज्ञिक समितिलाई सम्झनु पर्दछ।

(१६) "सहायक क्याम्पस प्रमुख" भन्नाले क्याम्पस प्रमुखको सहायकको रुपमा नियुक्ति पाएका क्याम्पसका सहायक क्याम्पस प्रमुखलाई जनाउनेछ ।

(१७) "सङ्काय प्रमुख" भन्नाले क्याम्पसको विभिन्न सङ्काय अन्तर्गतका शैक्षिक कार्यक्रमहरूलाई प्रभावकारी बनाउन नियुक्ति गरिएका सङ्काय प्रमुखलाई जनाउनेछ ।

(१८) "विभागीय प्रमुख" भन्नाले क्याम्पसको विभिन्न सङ्काय अन्तर्गतका विभिन्न विषयहरूका कार्यक्रमहरूलाई प्रभावकारी बनाउन नियुक्ति गरिएका विषयगत विभागका प्रमुखहरूलाई जनाउनेछ ।

(१९) "संयोजक" भन्नाले यस विधान बमोजिम गठित विभिन्न समितिका संयोजकलाई सम्झनु पर्दछ ।

(२०) "सदस्य" भन्नाले क्याम्पस सभा, सल्लाहकार समिति, क्याम्पस सञ्चालक समिति, पदपूर्ति समिति, प्राज्ञिक समिति लगायत यस विधान अनुरुप गठन हुने अन्य समिति तथा उपसमितिका सदस्यहरू समेतलाई जनाउनेछ ।

(२१) "शिक्षक" भन्नाले यस क्याम्पसमा अध्यापनरत प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, सहायक प्राध्यापक, सहायक प्राध्यापक पूर्णकालीन करार, आंशिक शिक्षक/कोर्स कन्ट्रयाक्ट, प्रशिक्षकको रूपमा यस क्याम्पसमा शिक्षण सेवामा कार्यरत शिक्षकहरूलाई बुझाउँछ ।

(२२) "कर्मचारी" भन्नाले क्याम्पसको प्रशासन, लेखा, जिन्सी, परीक्षा र पुस्तकालयमा कार्यरत जुनसुकै पदका कर्मचारीलाई सम्झनु पर्दछ ।

(२३) "सामुदायिक" भन्नाले समुदाय स्तरबाट सञ्चालित र समुदायको स्वामित्वमा रहेको भन्ने सम्झनु पर्दछ ।

(२४) "अभिभावक" भन्नाले यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले क्याम्पसको अभिलेखमा अभिभावक भनेर जनाएको व्यक्तिलाई जनाउदछ । तर क्याम्पस सभाको सदस्यमा

मनोनयन गर्ने प्रयोजनको लागि क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई जन्म दिने आमा वा बुवा भन्ने सम्झनु पर्दछ ।

३) क्याम्पसको प्रशासनिक कार्यालय रहने स्थान

क्याम्पसको कार्यालय राप्ती नगरपालिका (साविक वीरेन्द्रनगर-२,) वडा नं. ७ चितवनमा अवस्थित रहनेछ ।

४) क्याम्पसको छाप

क) क्याम्पसको छाप अनुसूचि १ मा उल्लेख भएबमोजिम हुनेछ ।

ख) अनुसूची अनुसारको क्याम्पसको छाप क्याम्पसका संचालक समितिका अध्यक्ष, क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, प्रशासन प्रमुख र आर्थिक तथा वित्तिय विभागका प्रमुखले प्रयोग गर्न सक्नेछन साथै संचालक समितिले तोकेबमोजिमका क्याम्पसका निकायहरुले पनि क्याम्पससँग सम्बन्धित कागजातहरुमा प्रयोग गर्न सक्नेछन ।

५) क्याम्पस स्वशासित संस्था हुने

क्याम्पस अविच्छिन्न उत्तराधिकार भएको एक स्वशासित संस्था हुनेछ । यसले व्यक्ति सरह चल अचल सम्पत्ति खरिद तथा बिक्री गर्न सक्ने छ । आवश्यक परेमा व्यक्ति तथा वित्तीय संस्थाहरूबाट ऋण लिन तथा बचत भएमा संस्थाका नाममा कोष स्थापना गर्न सक्नेछ। संस्थाले व्यक्ति सरह कसैउपर मुद्धा मामिला गर्न तथा व्यक्तिले यसउपर मुद्धामामिला गर्न सक्नेछ ।

## परिच्छेद -२
## क्याम्पसको उद्देश्य र दायित्व

**६) क्याम्पसको दूरदृष्टि, ध्येय, लक्ष्य**

(१) **दुरदृष्टि :** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको मागबमोजिम सचेत, सक्षम र उत्पादनशील नागरिक तथा मानवीय शंसाधनको विकासमा योगदान पुऱ्याउनु ।

(२) **ध्येय :** समुदायद्वारा सञ्चालित स्वायत्त क्याम्पसको रुपमा गुणस्तरीय, सक्षम एवं सिर्जनात्मक शिक्षाको सुनिश्चितता प्रदान गर्दै अन्तर्राष्ट्रिय स्तरमा उच्च शैक्षिक संस्थाको रुपमा विकास गर्नु ।

(३) **लक्ष्य :** निम्न वर्गका नागरिकमा शिक्षाको पहुँच सिर्जना गर्ने ।

**७) क्याम्पसका उद्देश्यहरु निम्नानुसार हुनेछन ।**

क) शिक्षा प्रदान गर्ने कार्यमा आधुनिक शैक्षिक प्रविधिको प्रयोग गरी गुणस्तरीय शिक्षा मार्फत अध्यापन गराउँदै दक्ष जनशक्ति उत्पादन गर्ने ।

ख) त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिई विभिन्न विषय तथा तहको शैक्षिक तथा अनुसन्धानात्मक कार्यक्रमहरु संचालन गर्ने ।

ग) गुणस्तरीय शिक्षा प्रदान गराउने कार्यलाई प्रभावकारी बनाउने ।

घ) शिक्षाको मूलभूत उद्देश्यको परिधिभित्र रही जिवनोपयोगी शैक्षिक कार्यक्रमहरु संचालन गर्ने

ङ) शारीरिक व्यायाम, वक्तृत्वकला, हाजिरी जवाफ, वादविवाद लगायत विभिन्न अतिरिक्त क्रियाकलापहरुमा विद्यार्थीहरुलाई संलग्न गराई ज्ञान र सीपको विकास गर्ने/गराउने ।

च) गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति तथा पुरस्कारको व्यवस्था गरी आर्थिक र सामाजिक दृष्टिकोणबाट पिछडिएका विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्ने/गराउने ।

छ) सूचना प्रविधि सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विश्वविद्यालय, कम्पनीहरुसँग सहकार्य गरी विद्यार्थीहरुलाई सो सम्बन्धी तालिमको व्यवस्था मिलाउने ।

ज) स्वदेशी तथा विदेशी विभिन्न शैक्षिक संस्थाहरुको सहकार्यमा क्याम्पस तथा क्याम्पसका विद्यार्थीहरुका लागि शैक्षिक लगायतका अनुसन्धानात्मक कार्यक्रम तथा क्रियाकलापहरु र विद्यार्थी Exchange Program संचालन गर्ने ।

झ) नेपाल सरकारबाट स्वीकृत विश्वविद्यालय, शिक्षा परिषद तथा शैक्षिक संघ संस्थाले तोकेको मापदण्ड नेपाल सरकारले तोकेका मापदण्ड अनुसारका विभिन्न शैक्षिक कार्यक्रम तथा अनुसन्धानात्मक क्रियाकलापहरु संचालन गर्ने ।

ञ) आर्थिक विपन्नता लगायतका कारणले वा अन्य विभिन्न कारणले उच्च शिक्षा प्राप्त गर्न नसकेका पीछडिएको ग्रामीण इलाकामा बसोबास गर्ने छात्रछात्राहरुलाई सर्वसुलभ रुपमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्नु ।

ट) उत्पीडित जातीय समुदाय, सीमान्तकृत आदिवासी, जनजाति एवं विपन्न आर्थिक अवस्था भएका विभिन्न समुदायका छात्र छात्राहरुलाई उच्च शिक्षाको अवसर प्रदान गर्नु ।

ठ) QAA प्राप्त गर्न आवश्यक कार्य गर्ने गराउने ।

**८) क्याम्पसको दायित्व :**

क) प्रचलित कानुनको अधिनमा रही क्याम्पसले आर्जन गर्ने चल अचल सम्पत्ति लगायत सबै प्रकारका कारोवारको अधिकार तथा दायित्व क्याम्पसको हुनेछ । भविष्यमा कुनै कारणवश क्याम्पस संचालन हुन नसकेको अवस्थामा क्याम्पसको सम्पूर्ण सम्पत्ती त्रिभुवन विश्वविद्यालयको वा नेपाल सरकारको हुनेछ ।

ख) क्याम्पस अविछिन्न उत्तराधिकारवाला एक स्वशासित सङ्गठित, विशुद्ध शैक्षिक संस्थाको रुपमा रहनेछ । यसले चल अचल सम्पत्ति खरिद गर्ने, भाडामा लिने दिने विक्रि गर्ने, भोगचलन गर्ने धितोबन्धक रोक्ने, विशेष शर्तका आधारमा निश्चित अवधिको निमित्त कसैको जग्गा जमिन तथा भवन उपभोग गर्ने वा आर्जित सम्पत्ति आफ्नो अधिकार क्षेत्राधिकार भित्र बेचविखन, ठेक्कापट्टा गर्ने कार्य समेत गर्न सक्नेछ । क्याम्पसले आफ्नो नामबाट नालिश/मुद्दा उजुर आदि गर्न सक्नेछ ।

ग) नेपालको प्रचलित कानुन बमोजिम क्याम्पस स्वायत कानुनी व्यक्तिको रुपमा स्थापित तथा संचालित हुनेछ ।

घ) यो क्याम्पस मूनाफा रहित सामुदायिक क्याम्पसको रुपमा स्थापना भई संचालनमा रहने छ ।

## परिच्छेद ३
## सदस्यता सम्बन्धी व्यवस्था

**९) सदस्यता सम्बन्धीः-**

क्याम्पसको विधानलाई निःसर्त स्वीकार गर्ने व्यक्ति वा संस्थालाई संचालक समितिले निम्न बमोजिम सदस्यता प्रदान गर्न सक्ने छ ।

१) प्रमुख संरक्षक सदस्य :-

क्याम्पसलाई रु.२५,००,०००/(पच्चीस लाख रुपैयाँ) भन्दा बढी आर्थिक सहयोग उपलव्ध गराउने व्यक्ति वा संस्थालाई संचालक समितिले प्रमुख संरक्षक सदस्यता प्रदान गर्न सक्नेछ । प्रमुख संरक्षक सदस्यको रुपमा संचालक समितिले सम्मान स्वरुप कदरपत्र प्रदान गर्न सकिनेछ । यदि एक भन्दा बढी व्यक्ति वा संस्थाहरु प्रमुख संरक्षक सदस्य भएमा संचालक समितिले संरक्षक मण्डल समिति स्थापना गर्न सक्नेछ ।

२) संरक्षक सदस्य :-

क्याम्पसलाई रु.१०,००,०००/(दश लाख रुपैयाँ) भन्दा बढी आर्थिक सहयोग उपलव्ध गराउने व्यक्ति वा संस्थालाई संचालक समितिले संरक्षक सदस्य प्रदान गर्न सक्नेछ । संरक्षक सदस्यको रुपमा संचालक समितिले सम्मान स्वरुप कदरपत्र प्रदानगर्न सक्नेछ ।

३) विशिष्ट सदस्य :-

क्याम्पसलाई रु.२५००० /(पच्चिस हजार रुपैयाँ) भन्दा बढी आर्थिक सहयोग उपलव्ध गराउने व्यक्ति वा संस्थालाई संचालक समितिले विशिष्ट सदस्यता प्रदान गर्न सक्नेछ । विशिष्ट सदस्यको रुपमा संचालक समितिले सम्मान स्वरुप कदरपत्र प्रदानगर्न सक्नेछ ।

३) आजिवन सदस्य :-

क्याम्पसलाई रु.१००००।- (दस हजार रुपैया) भन्दा बढी आर्थिक सहयोग प्रदान गर्ने व्यक्ति वा संस्थालाई सञ्चालक समितिले आजिवन सदस्यता प्रदान गर्न सक्नेछ । आजिवन सदस्यलाई प्रमाण पत्र प्रदान गरिने छ। मानार्थ सदस्यको सम्मान प्रदान गर्नेछ।

४) संस्थापक सदस्य :- क्याम्पस स्थापना हुँदाका बखत कायम रहेको समितिलाई संस्थापक सदस्य भनिने छ ।

५) साधारण सदस्यः-

क्याम्पसलाई रु.५,०००। (पाँच हजार रुपैया) आर्थिक सहयोग प्रदान गर्ने सबै नेपाली नागरिक वा संस्थालाई क्याम्पसको साधारण सदस्यता प्रदान गर्न सकिने छ । यस्तो

सदस्यले आफ्नो सदस्यता कायम राख्न हरेक आर्थिक बर्षमा रु. ५००। (पाँच सय रुपैंया) तिरी सदस्यता नवीकरण गर्नु पर्नेछ ।

६) मानार्थ सदस्य :-

यस क्याम्पसको हित प्रवर्धनका निमित्त समाजका लब्धप्रतिष्ठित ख्याती प्राप्त, बौद्धिक, प्राज्ञिक व्यक्तिहरू र क्याम्पसका लागि विशेष योगदान पुऱ्याउने व्यक्तिहरू वा संस्थाहरुलाई सञ्चालक समितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । मानार्थ सदस्यहरुले क्याम्पस सभामा भागलिन पाउने छन् तर निजहरु संचालक समितिको पदाधिकारी र सदस्य निर्वाचनको लागि उमेद्धवार हुन पाउने छैनन् । निजहरुलाई मताधिकार समेत रहने छैन ।

७) छात्रवृत्ति प्रदान गर्न आर्थिक सहयोग गर्ने व्यक्ति वा संस्थाले इच्छाइएको व्यक्ति वा संस्थाको नाममा अक्षयकोष स्थापना गरी हरेक वर्ष कम्तीमा एउटा विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्नेछ । छात्रबृत्ति अक्षयकोष स्थापना गर्ने व्यक्ति वा संस्थाको नामबाट वा निजले तोकेको नामबाट राख्न सकिनेछ। छात्रवृत्ति उपलब्ध गराउने अक्षयकोषको रकम संचालक समितिले तोके बमोजिम राख्नु पर्नेछ ।

**१०) सदस्यको योग्यता**

नेपाली नागरिक क्याम्पस सभाको सदस्य हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

क) १८ वर्ष उमेर पुरा गरेको, ।

ख) कानुनले अयोग्य नठहरिएको ।

ग) स्वस्थ मनस्थिति भएको ।

घ) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय नपाएको ।

**११) सदस्यताको समाप्ति**

देहाएको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछ ।

क) राजीनामा स्वीकृत भएमा ।

ख) मृत्यु भएमा ।

ग) साधारण सभाको बहुमतबाट निष्काशित भएमा ।

घ) मानसिक सन्तुलन ठीक नभएको प्रमाणित भएमा ।

ङ) साधारण सदस्यको हकमा सदस्यता नविकरण नगरेमा ।

## परिच्छेद-४
## क्याम्पस सभा सम्बन्धी व्यवस्था

१२) **क्याम्पस सभाको गठन**

क्याम्पस संचालन सम्बन्धी नीति, निर्धारण, वार्षिक नीति तथा कार्यक्रम तर्जुमा संचालक समिति गठन देखि लिएर क्याम्पसको सर्वोत्तममुखी हितलाई ध्यानमा राखी क्याम्पस संचालनको कार्यकारणी नेतृत्व लिएर बसेको संचालक समिति समेतलाई मार्ग निर्देशन गर्ने सर्वोत्तम निकायका रुपमा विभिन्न क्षेत्रका महानुभावहरुको प्रतिनिधित्व रहेको क्याम्पस सभा रहने छ। क्याम्पस सभामा नेपाली नागरिकहरु सदस्य हुनेछन्। सभामा देहाए बमोजिमका सदस्यहरु रहनेछन्।

१) प्रमुख संरक्षक सदस्यहरु, संरक्षक सदस्यहरु, विशिष्ट सदस्यहरु, आजिवन सदस्यहरु, संस्थापक सदस्यहरु, साधारण सदस्यहरु र मानार्थ सदस्यहरु,
२) सञ्चालक समितिका पदाधिकारी र सदस्यहरु,
३) चितवन जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय सांसदहरु र प्रदेश सांसदहरु,
४) राप्ती नगरपालिको प्रमुख र उपप्रमुख
५) सञ्चालक समितिका पूर्वअध्यक्षहरू, पूर्व क्याम्पस प्रमुखहरू
६) सहायक क्याम्पस प्रमुखहरू, सङ्काय प्रमुखहरू
७) क्याम्पस रहेको वडाको वडा अध्यक्ष र वडा सदस्यहरु,
८) क्याम्पसमा रहेको अभिभावक संघको अध्यक्ष
९) क्याम्पसमा रहेको प्राध्यापक संघको सभापति
१०) क्याम्पसमा रहेको कर्मचारी संघको सभापति
११) स्वतन्त्र विद्यार्थी युनियनका प्रतिनिधि
१२) क्याम्पसमा अध्ययनरत विद्यार्थीहरु मध्ये सबै संकायमा प्रत्येक वर्ष सबैभन्दा बढी अंक प्राप्त गर्ने छात्रहरुका १ जना र छात्राहरुका १ जना अभिभावकहरु
१३) क्याम्पस प्रमुख

उपकुलपतिको कार्यालय योजना निर्देशनालय, कीर्तिपुर

**<u>१३) क्याम्पस सभाको काम, कर्तव्य र अधिकार :</u>**

(१) क्याम्पस सञ्चालक समितिको निर्वाचन गर्ने।
(२) क्याम्पसको शैक्षिक, आर्थिक, भौतिक आदि पक्षको विकासमा मार्गदर्शनको भूमिका खेल्ने।
(३)क्याम्पसको विकासमा दीर्घकालीन योजना अनुमोदन गर्ने तथा दीर्घकालीन सोच बनाउने।
(४) सञ्चालक समितिलाई आवश्यक परामर्श दिने।
(५) सञ्चालक समितिद्वारा पेश भएका विनियम अनुमोदन गर्ने।

**१४) क्याम्पस सभाको बैठक**

क) क्याम्पस सभाको बैठक वर्षमा कम्तीमा एक पटक सञ्चालक समितिले तोकेको स्थान, मिति र समयमा बस्ने छ ।

ख) सभाको निर्णय अध्यक्ष र सदस्य सचिवले संयुक्त रुपमा प्रमाणित गर्ने छ ।

ग) क्याम्पससभाको बैठकको मर्यादा, बोल्नेक्रम, प्रस्ताव तथा बैठक संचालनको प्रक्रिया सम्बन्धी जिम्मेवारी अध्यक्षमा निहित रहनेछ ।

**१५) क्याम्पस सभाको बैठक र गणपुरक संख्या**

क्याम्पस सभाको गणपुरक संख्या ५१% हुनेछ । उक्त बैठक बस्नलाई प्रथम पटक ५१% सदस्यहरु उपस्थित नभएका दोस्रो पटक उपस्थित संख्याबाट सभा सञ्चालन हुन बाधा पुग्ने छैन । बैठकको निर्णय सर्वसम्मत वा बहुमतबाट हुनेछ ।

**१६) क्याम्पस विशेष सभा**

१) साधारण सभाको २५ प्रतिशत सदस्यहरुले अध्यक्ष समक्ष लिखित रुपमा विशेष क्याम्पस सभा बोलाउन माग गरेमा १५ दिन भित्र सभा बस्ने गरी सामान्यतया ७ दिनको सुचना दिई अध्यक्षले विशेष क्याम्पस सभा बोलाउनुपर्ने छ ।

२) क्याम्पस सन्चालक समितिले कुनै विशेष कार्य गर्नुपरेमा वा संचालक समितिले आवश्यक ठानेमा विशेष क्याम्पस सभा बोलाउन सक्नेछ । यस्तो सभामा संचालक समितिले विशेष प्रस्ताव मात्र पेश गर्न सक्नेछ ।

**१७) क्याम्पस सभाको अध्यक्ष र सदस्यहरूको पद रिक्त हुने अवस्था :**

(१) देहायको अवस्थामा क्याम्पस सभाको अध्यक्ष र सदस्यहरूको पद रिक्त भएको मानिनेछ :

क) निजको मृत्यु भएमा,

ख) अध्यक्षले क्याम्पस सभामा र अन्य सदस्यले सञ्चालक समिति समक्ष निजले पेश गरेको राजिनामा स्वीकृत भएमा,

ग) निजको पदावधि पूरा भएमा,

घ) मगज बिग्रेको वा मानसिक असन्तुलन भएको भनी आधिकारिक रुपमा प्रमाणित भएमा,

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतले कसुरदार ठहऱ्याएमा,

च) क्याम्पस सभाको सम्पूर्ण सदस्य सङ्ख्याको २/३ बहुमतले हटाएमा ।

२) अध्यक्षको पद रिक्त भएको अवस्थामा क्याम्पस सभाको अध्यक्षता सञ्चालक समितिमा बहाल रहेका सदस्यहरू मध्येको जेष्ठ सदस्यले गर्नेछ ।

## परिच्छेद-५
## सञ्चालक समिति सम्बन्धी व्यवस्था

१८) **क्याम्पस सञ्चालन समितिको गठन :**

क्याम्पस सञ्चालनको लागि एक कार्यकारी अंगको रुपमा क्याम्पस सञ्चालक समिति रहनेछ। सञ्चालक समितिमा समाजका विभिन्न क्षेत्रको प्रतिनिधित्व हुने गरी क्याम्पस सभाले छनोट गरेका २३ जना सदस्य हुने गरी देहाय बमोजिम गठन गरिनेछ। संचालक समितिको कार्यकाल ३ वर्षको हुनेछ।

| | | | |
|---|---|---|---|
| १ | सभाका सदस्य मध्येबाट क्याम्पस सभाले निर्वाचित गरको व्यक्ति | १ | अध्यक्ष |
| २ | प्रमुख संरक्षक सदस्यहरु, संरक्षक सदस्यहरु तथा विशिष्ट सदस्यहरु मध्येबाट सभाबाट निर्वाचित | २ | सदस्य |
| ३ | सभाका सदस्यहरु मध्येबाट क्याम्पस सभाबाट कम्तिमा २ जना महिला सहित निर्वाचित | १० | सदस्य |
| ४ | क्याम्पस सञ्चालक समितिवाट मानोनित | ३ | सदस्य |
| ५ | निवर्तमान अध्यक्ष | १ | सदस्य |
| ६ | त्रि.वि. प्रतिनिधि | १ | सदस्य |
| ७ | प्र.क्या.प्रा.संघ ईकाइ समितिको अध्यक्ष | १ | सदस्य |
| ८ | क्याम्पस रहेको न.पा. को नगर प्रमुख | १ | सदस्य |
| ८ | क्याम्पस रहेको वडाको वडाअध्यक्ष | १ | सदस्य |
| ९ | क्याम्पस अल्मुनाइ एसोसियसनका अध्यक्ष | १ | सदस्य |
| १० | क्याम्पस प्रमुख | १ | सदस्य सचिव |

**१९) सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :**

(क) सम्बन्धन दिने विश्वविद्यालयको निर्देशन पालना गर्ने।

(ख) क्याम्पस प्रमुखको नियुक्ति गर्ने र सेवा आयोग/पदपुर्ति समिति मार्फत सिफारिस भइ आएका प्राध्यापक-कर्मचारीहरूको स्तर निर्धारण गर्ने तथा स्थायी/अस्थायी नियुक्ति दिने।

(ग) क्याम्पसको व्यवस्थापन र सञ्चालनको सम्पूर्ण कर्तव्य र अधिकार बहन गर्ने।

(घ) क्याम्पसको नियमित निरीक्षण गर्नुका साथै स्तरीय शैक्षिक वातावरण तयार गर्ने।

(ङ) क्याम्पस सभाको निर्णय कार्यान्वयन गर्ने गराउने।

(च) क्याम्पस सभामा प्रस्तुत गरिने कार्यक्रम, आय-व्ययको विवरण, प्रगति विवरण, लेखापरीक्षण र अन्य प्रस्तावहरू क्याम्पससभामा प्रस्तुत गर्ने ।

(छ) क्याम्पसको सम्पूर्ण कोष, चल अचल सम्पतिको व्यवस्था तथा संरक्षण गर्ने ।

(ज) शिक्षकहरू तथा कर्मचारीहरूलाई पुरस्कृत गर्ने र नसिहत दिने ।

(झ) यस नियमको सीमाभित्र रही क्याम्पस सञ्चालनका निम्ति आवश्यक नीति निर्धारण गर्ने, विनियम बनाउने र कार्यान्वयन गर्ने गराउने ।

(ञ) आफुमा निहित अधिकारहरूमध्ये नियमित रुपमा क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्य सञ्चालनको लागि आवश्यक अधिकार उपसमिति, पदपुर्ति समिति, सेवा आयोग र क्याम्पस प्रमुखलाई प्रत्यायोजन गर्ने ।

(ट) हरेक ३ महिनाको आर्थिक प्रतिवेदन क्याम्पस प्रमुखबाट पेश गर्न लगाई पारदर्शिता कायम गर्ने ।

(ठ) वार्षिक १ पटक क्याम्पसको सामाजिक लेखापरीक्षण गर्नु गराउनु पर्नेछ ।

ड) आन्तरिक लेखापरीक्षण समिति गठन गरी अर्धवार्षिक आन्तरिक लेखापरीक्षण गराई क्याम्पस प्रमुख र लेखा शाखालाई आवश्यक निर्देशन दिने ।

**२०) सञ्चालक समितिको बैठक र कार्यविधि :**

(क) क्याम्पस सञ्चालक समितिको बैठक कम्तिमा ३ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

(ख) सदस्य सचिवले अध्यक्षको अनुमति लिइ सामान्यतः ३ दिनको पूर्व सूचना दिई बैठक बोलाउनेछन् तर विशेष परिस्थितिमा सो अवधि कम हुन सक्नेछ ।

(ग) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र दुवैको अनुपस्थितिमा उपस्थित जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

(घ) समितिको बैठकमा छलफल भएका विषय र निर्णय स्पष्ट रुपमा निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरूको हस्ताक्षर गराई राख्नु पर्नेछ ।

(ङ) कुल सदस्यको ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ र बैठकको निर्णय साधारण बहुमतद्वारा गरिनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

(च) नियमित बैठक नबोलाएमा वा हुन नसकेमा सञ्चालक समितिका सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरूले लिखित रुपमा बैठक माग गरेमा अध्यक्षले सो माग गरेको ७ दिनभित्र बैठक बोलाउनु पर्नेछ र सो समयभित्र पनि बैठक नबोलाएमा सदस्य सचिवले बैठक बोलाउनेछन् ।

## २१) अध्यक्षको काम, कर्तव्य र अधिकार :

(क) सञ्चालक समितिको बैठकको अध्यक्षता गर्ने र मत बराबर भएमा निर्णायक मत दिने ।

(ख) सञ्चालक समितिको बैठक बोलाउन सदस्य सचिवलाई आदेश दिने ।

(ग) क्याम्पस सञ्चालक समिति र सभाद्वारा गरिएका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।

(घ) क्याम्पस प्रमुखको लगातार ७ दिनभन्दा बढीको काज एवं विदा स्वीकृत गर्ने ।

(ङ) यस नियमावलीभित्र रही क्याम्पसको हितका लागि अन्य कार्य गर्ने ।

(च) क्याम्पस व्यवस्थापन र सञ्चालनकालागि क्याम्पस प्रमुखलाई आवश्यक निर्देशन दिने ।

## २२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

(क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

(ख) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

(ग) अध्यक्ष र सञ्चालक समितिले उपाध्यक्षले गर्ने भनी तोकिएका कार्यहरू गर्ने ।

## २३) सदस्य सचिवको काम, कर्तव्य र अधिकार :

(क) अध्यक्ष र सञ्चालक समितिको आदेश र निर्णय सूची तयार गर्ने ।

(ख) वार्षिक कार्यक्रम र अर्धवार्षिक प्रगति तयार पारी सञ्चालक समितिमा पेश गर्ने ।

(ग) बैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरूको कार्यन्वयन गर्ने ।

## २४) सदस्यहरूको काम, कर्तव्य र अधिकार :

(क) क्याम्पसको हितको निमित्त रचनात्मक धारणा राखी तदानुसार सुझावहरू दिने ।

(ख) क्याम्पससभा र सञ्चालक समितिमा भएका निर्णयहरूको कार्यन्वयन गर्ने गराउने ।

(ग) अध्यक्ष र सञ्चालक समितिले तोकेको अन्य कार्य गर्ने ।

(घ) सञ्चालक समितिको बैठकका विषयहरूमा सक्रिय एवं रचनात्मकतवरले सहभागिहुने ।

## २५) सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरूको पद रिक्तता :

सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरूको पद देहायको अवस्थामा रिक्त हुनेछ :

क) आफ्नो पदबाट लिखित राजिनामा दिई सञ्चालक समितिबाट स्वीकृत भएमा ।

(ख) क्याम्पसको हित विपरीत कार्य गरेको प्रमाणित भएमा ।

(ग) समितिको बैठकमा लगातार ३ पटकसम्म विना सूचना अनुपस्थित रहेमा ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा ।

(ङ) पदावधि पुरा भएमा ।

(च) सदस्य/पदाधिकारीको मृत्यु भएमा ।

(छ) अविश्वासको प्रस्ताव दर्ता भई दुई तिहाई क्याम्पससभाका सदस्यले पारित गरेमा । अविश्वासको प्रस्ताव दर्ता गर्न एक तिहाई क्याम्पससभाका सदस्यले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

## परिच्छेद ६

## क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख सम्बन्धी व्यवस्था

**२६) क्याम्पस प्रमुख नियुक्तिः**

क) क्याम्पस प्रमुखको नियुक्ति सञ्चालक समितिबाट हुनेछ। सञ्चालक समितिले क्याम्पस प्रमुखको नियुक्ति गर्दा अनुभव, कार्यक्षमता, योग्यता एवं वरिष्ठतालाई ध्यानमा राख्दै स्थायी, शैक्षिक तथा प्रशासनिक नेतृत्व बहन गर्न सक्ने प्रतिबद्ध व्यक्तिलाई नियुक्ति गर्नेछ।

ख) क्याम्पस प्रमुख प्रशासकीय तथा शैक्षिक पदाधिकारी हुनेछ। निजको पदावधि ४ वर्षको हुनेछ। सञ्चालक समितिले निजको पदावधि पुनः थप गर्न सक्नेछ।

ग) क्याम्पस प्रमुख पुरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछ।

**२७) क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार :**

(क) क्याम्पसको शैक्षिक, आर्थिक र प्रशासनको जिम्मेवारी लिई सञ्चालन गर्ने।

(ख) सेवा, सर्त र आचारसहिंता विपरीत हुने गरी काम गर्ने शिक्षक तथा कर्मचारीलाई नियमानुसार कारवाहीको प्रक्रिया अगाडी बढाउने।

(ग) शिक्षक तथा कर्मचारीको विदा स्वीकृति गर्नु, कार्य विभाजन गर्नु, सेवाको अभिलेख राख्नु तथा कार्य सम्पादनको मूल्यांकन गर्ने।

(घ) क्याम्पस सञ्चालक समितिमा शिक्षक, कर्मचारीको दरबन्दी सिफारिस गर्नु र राय सुझाव पेश गर्ने।

(ङ) क्याम्पसको वार्षिक बजेट तयार गरी लेखा समिति मार्फत क्याम्पस सञ्चालक समिति समक्ष पेश गर्ने।

(च) हरेक ३ महिनामा क्याम्पसको आर्थिक विवरण क्याम्पस सञ्चालक समितिमा पेश गर्ने।

(छ) क्याम्पससभा र सञ्चालक समितिको निर्णय क्याम्पस प्रमुखले कार्यन्वयन गर्ने, गराउने।

(ज) यस विधान र यस अन्तरगत बन्ने विनियमको पालना गर्नु गराउनु क्याम्पस प्रमुखको कर्तव्य हुनेछ र क्याम्पसमा नगरी नहुने आकस्मिक अवस्था आइ परेमा अध्यक्षसँग समन्वय गरी आवश्यक देखेको उचित कामकारवाही गर्ने र सञ्चालक समितिबाट अनुमोदन गराउने।

(झ) क्याम्पस प्रमुख उपस्थित हुन नसकेको अवस्थामा सहायक क्याम्पस प्रमुखलाई र सो नभएमा अन्य शिक्षकलाई निमित्त भई काम गर्न तोक्ने।

**२८) सहायक क्याम्पस प्रमुखको नियुक्ति तथा काम, कर्तव्य र अधिकार :**

(क) स्थायी, शैक्षिक नेतृत्व वहन गर्न सक्ने शिक्षकलाई संचालक समितिले सहायक क्याम्पस प्रमुखमा नियुक्ति गर्न सक्नेछ। तर स्थायी शिक्षक नभएमा वा कुनै कारणबस कार्य गर्न नसक्ने भएमा अस्थायी वा करार सेवामा रही सहायक क्याम्पस प्रमुखको जिम्मेवारी वहन गर्न सक्ने व्यक्ति सहायक क्याम्पस प्रमुख नियुक्त गर्नेछ।

(ख) सहायक क्याम्पस प्रमुखको पदावधि २ वर्षको हुनेछ । सञ्चालक समितिले निजको पदावधि पुन: थप गर्न सक्नेछ ।

(ग) क्याम्पस प्रमुखको कार्य सम्पादनमा सहयोग र सहायता दिने ।

(घ) क्याम्पस प्रमुखले तोकेको अन्य कार्य गर्ने ।

(ङ) यस विधानमा उल्लेखित एवम् क्याम्पस सञ्चाललक समितिले तोकेको अन्य कार्य गर्ने ।

(च) क्याम्पस प्रमुख उपस्थित हुन नसकेको अवस्थामा क्याम्पस प्रमुखले तोके बमोजिम निमित्त भई काम गर्ने ।

## परिच्छेद-७

## समिति तथा संकाय प्रमुख सम्बन्धी व्यवस्था

२९) **सङ्काय प्रमुख :**

(१) क्याम्पसको शैक्षिक वातावरणलाई गुणस्तरिय र प्रशासन संयन्त्रलाई मर्यादित र व्यवस्थित गर्न क्याम्पस प्रमुखको सिफारीसमा सञ्चालक समितिले सङ्काय प्रमुखको नियुक्ति गर्नेछ।

(२) सङ्काय प्रमुखको पदावधि २ वर्षको हुनेछ । सङ्काय प्रमुखको सेवासुविधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ । अन्य तलब भत्ता निजको शैक्षिक पद अनुसार हुनेछ ।

(३) अन्य काम कर्तव्य तथा अधिकार शिक्षक कर्मचारी नियमावली बमोजिम हुनेछ ।

३०) **विभागीय प्रमुख :**

(१) आवश्यकता अनुसार क्याम्पसको शैक्षिक कार्यक्रमलाई प्रभावकारी बनाउन विषयगत विभागीय समितिको गठन गर्न सक्नेछ ।

(२) विषयगत विभागीय समितिको विभागीय प्रमुखको नियुक्ति प्राज्ञिक समितिको सिफारीसमा क्याम्पस प्रमुखले २ वर्षको लागि गर्नेछ । विभागीय प्रमुखको भत्तासुविधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ । अन्य तलब भत्ता निजको शैक्षिक पद अनुसार हुनेछ ।

(३) अन्य काम कर्तव्य तथा अधिकार शिक्षक कर्मचारी नियमावली बमोजिम हुनेछ ।

३१) **प्राज्ञिक समिति :** (१) क्याम्पसको प्राज्ञिक निकायको रुपमा काम गर्न देहायका सदस्यहरू भएको एउटा प्राज्ञिक समिति हुनेछ :

| | |
|---|---|
| (क) क्याम्पस प्रमुख | संयोजक |
| (ख) सहायक क्याम्पस प्रमुख | सदस्य |
| (ग) सङ्काय प्रमुखहरू | सदस्य |
| (घ) विभागीय प्रमुखहरू | सदस्य |
| (ङ) प्राध्यापक संघको सभापति | सदस्य |
| (च) अतिरिक्त क्रियाकलाप समितिका संयोजक | सदस्य |
| (छ) अभ्यास शिक्षण तथा प्रयोगात्मक समितिका संयोजक | सदस्य |

(२) प्राज्ञिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) क्याम्पसको शैक्षिक क्यालेण्डर (पात्रो) बनाउने ।

(ख) पठनपाठनको बार्षिक योजना निर्धारण गर्ने ।

(ग) शैक्षिक गुणस्तर सुधार गर्नका लागि उपयुक्त योजना बनाउने र कार्यान्वयनका लागि सञ्चालक समितिमा पेश गर्ने ।

(घ) अध्ययन अनुसन्धानका लागि प्राध्यापक तथा कर्मचारीहरूलाई सम्लग्न गराउनका लागि कार्यक्रम बनाई सञ्चालक समितिमा सिफारिस गर्ने ।

(ङ) शिक्षक तथा कर्मचारीहरूको पेशागत वृत्ति विकाससँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा तालिम कार्यक्रम तयार गरी कार्यान्वयनका लागि सञ्चालक समिति समक्ष प्रस्तुत गर्ने ।

(च) अन्य काम कर्तव्य तथा अधिकार शिक्षक कर्मचारी नियमावली बमोजिम हुनेछ ।

**३२) सल्लाहकार समिति**

सभाद्वारा स्वीकृत वार्षिक नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनको सन्दर्भमा सञ्चालक समितिलाई विभिन्न विधा वा क्षेत्रका रूपमा सल्लाह तथा परामर्शको लागि क्याम्पस सञ्चालक समितिले एक सल्लाहकार समिति गठन गर्न सक्ने छ । जसमा यस जिल्लाबाट निर्वाचित सङ्घ तथा प्रदेशका सांसद, सञ्चालक समितिका पूर्व अध्यक्ष तथा समाजसेवी, बुद्धिजीवी शिक्षा प्रेमीहरू सदस्य रहनेछन् र सल्लाहकार समितिको काम कर्तव्य र अधिकार सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

३३) **पुस्तकालय सञ्चालन समिति :** (१) क्याम्पसको पुस्तकालयको सु-सञ्चालनको निमित्त शिक्षक, कर्मचारीको प्रतिनिधित्व हुने गरी एक पुस्तकालय सञ्चालन समिति गठन गरिनेछ। पुस्तकालय सञ्चालन समितिको गठन प्रक्रिया देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| (क) | सञ्चालक समितिले तोकेको सञ्चालक समितिका सदस्य | संयोजक |
| (ख) | क्याम्पस प्रमुखले तोकेको दुईजना शिक्षक | सदस्य |
| (ग) | प्राध्यापक संघका १ जना प्रतिनिधी | सदस्य |
| (घ) | पुस्तकालयका प्रमुख | सदस्य सचिव |

(२) संयोजक लगायत सदस्यहरूको पदावधि २ वर्षको हुनेछ ।

तर, सञ्चालक समितिको सदस्य नरहेमा स्वतः पदमुक्त भएको मानिनेछ ।

(३) पुस्तकालय सुसञ्चालनका लागि क्याम्पस सञ्चालक समितिले यो दफाको अधिनमा रही आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(४) पुस्तकालय सञ्चालन समितिको अन्य काम, कर्तव्य र अधिकार पुस्तकालय सञ्चालन तथा व्यवस्थापन विनियम बमोजिम हुनेछ ।

३४) **अतिरिक्त किरियाकलाप समिति :** (१) क्याम्पसमा विद्यार्थीहरूको बहुमुखी प्रतिभाको प्रष्फूटन र विकास गर्ने उद्देस्यले खेलकुद, साहित्यिक, साँस्कृतिक र वौद्धिक कार्यक्रम समेत सञ्चालन गर्न देहाय बमोजिमको अतिरिक्त किरियाकलाप समिति रहनेछ :

| | |
|---|---|
| (क) क्याम्पस प्रमुखले शिक्षकहरू मध्येबाट तोकेको १ जना शिक्षक | संयोजक |
| (ख) क्याम्पस प्रमुखले तोकेको ३ जना प्राध्यापक | सदस्य |
| (ग) प्राध्यापक संघका १ जना प्रतिनिधि | सदस्य |
| (घ) स्वतन्त्र विद्यार्थी युनियनका १ जना प्रतिनिधि | सदस्य |
| (ङ) कर्मचारीमध्येबाट क्याम्पस प्रमुखले तोकेको १ जना | सदस्य |

(२) यस समितिको काम, कर्तव्य र अधिकार अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन विनियम बमोजिम हुनेछ ।

(३) यस समितिका संयोजक लगायत सदस्यहरूको पदावधि २ वर्षको हुनेछ ।

## परिच्छेद ८
## क्याम्पस सेवा समिति सम्बन्धी व्यवस्था

**३५) क्याम्पस सेवा समिति**

१) क्याम्पसमा शिक्षक वा कर्मचारीको स्थायी वा करार नियुक्ति गर्न स्वीकृत दरवन्दीको आधारमा खुल्ला वा आन्तरिक प्रतियोगिताद्वारा लिखित परीक्षा, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षाको आधारमा छनौट गरी सञ्चालक समितिमा सिफारिस गर्न एक पदपूर्ति समिति रहनेछ । यस समितिले स्थायी शिक्षक तथा कर्मचारीहरूको बढुवा गर्नका लागि आवश्यक प्रकृया पुरा गरी सञ्चालक समितिमा सिफारीस गर्न सक्नेछ ।

| | |
|---|---|
| अ) सञ्चालक समितिको अध्यक्ष वा निजले तोकेको व्यक्ति | अध्यक्ष |
| आ) संचालक समितिबाट मनोनित सञ्चालक समिति सदस्यहरु मध्येवाट | २ जना सदस्य |
| इ) क्याम्पस सञ्चालक समितिले नियुक्त गरेको विशेषज्ञ १जना | सदस्य |
| ई) क्याम्पस प्रमुख | सदस्य सचिव |

२) क्याम्पस सेवा समितिको कार्यकाल ४ वर्षको हुनेछ ।

४) सेवा समितिले शिक्षकको नियुक्ति र बढुवाको लागि सिफारिस गर्दा उच्च शैक्षिक योग्यता, प्राज्ञिक क्षमता र अनुभव तथा कर्मचारीको नियुक्ति र बढुवाको लागि सिफारिस गर्दा उच्च शैक्षिक योग्यता, प्रशासनिक दक्षता र अनुभवलाई मुख्य आधार बनाइने छ । साथै सो सम्बन्धमा यसै विधानमा व्यवस्था भए बमोजिम गरिनेछ ।

५) सेवा समितिसम्बन्धी अन्य व्यवस्था संचालक समितिलले तोके बमोजिम तथा यस विधानअन्तर्गत तर्जुमा गरिने नियमावलीमा तोकिएअनुसार हुने छ ।

३६) क्याम्पस सेवा समितिको काम, कर्तव्य र अधिकार

सेवा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

क) क्याम्पस सेवामा शिक्षक र कर्मचारीको नियुक्ति तथा बढुवाको लागि निर्णय गरी सञ्चालक समितिमा सिफारिस गर्ने ।

ख) क्याम्पसका शिक्षक तथा कर्मचारीको सेवा सर्त सम्बन्धी नियम र विनियमको विषयमा सञ्चालक समितिलाई सल्लाह र सुझाव दिने ।

ग) क्याम्पस सेवाको परीक्षामा सम्मिलित हुन चाहने उम्मेद्वारको शैक्षिक योग्यता तथा बढुवाको आवश्यक सर्तहरु निर्धारण गर्ने ।

घ) क्याम्पस सेवामा शिक्षक र कर्मचारीको नियुक्ति तथा बढुवाको लागि परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षा सञ्चालन गर्ने ।

ङ) क्याम्पस सेवा आयोगको कार्यक्षेत्रभित्र पर्ने विषयमा निरीक्षण वा जाँचबुझ गर्ने ।

च) शिक्षक तथा कर्मचारीहरुको वृत्तिविकास वा क्षमता, दक्षता वृद्धि गराउने विषयमा सञ्चालक समितिलाई आवश्यक सुझाव दिने ।

छ) मूल्याङ्कन प्रक्रियामा समितिका सदस्यहरु बाहेक समितिले आवश्यक ठानेमा विषयविज्ञलाई सहभागी गराउन सकिनेछ ।

३७) क्याम्पस सेवा आयोगको बैठक

क) आयोगले गर्नुपर्ने कामहरु सेवा आयोगको बैठकबाट निर्णय भए बमोजिम कार्यान्वयन गरिनेछ।

ख) सेवा आयोगमा अध्यक्ष नभई बैठक बस्न सक्नेछैन ।

ग) बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिन सक्नेछ

घ) आयोगको निर्णय आयोगले तोकेको सदस्यले प्रमाणित गर्नेछ ।

ङ) आयोगको बैठक सञ्चालन र कार्यविभाजन सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-९

## शिक्षक तथा कर्मचारीको नियुक्ति, सेवा, सर्त र सुविधा

३८) शिक्षक तथा कर्मचारीको तह विभाजन

१) क्याम्पसमा शिक्षकहरुको तह विभाजन देहाय बमोजिमको हुनेछ ।

क. प्राध्यापक

ख. सह-प्राध्यापक

ग. उप-प्राध्यापक

घ. सहायक प्राध्यापक

ङ. प्रशिक्षक

च. सहायक प्रशिक्षक

२) क्याम्पसमा कर्मचारीहरुको तह देहाय बमोजिम हुनेछ ।

(प्रशासन, लेखा तथा पुस्तकालय समेत)

१. प्रशासक
२. सह प्रशासक
३. उप प्रशासक
४. शाखा अधिकृत
५. नायब सुब्बा
६. खरीदार
७. पियन,चौकिदार आदि ।

३९) **शिक्षक दरबन्दीको व्यवस्था :** (१) दरवन्दिको व्यवस्था सञ्चालक समितिको दुई तिहाई बहुमतले आवश्यकता अनुसार स्थायी र करार शिक्षक तथा कर्मचारी दरबन्दी सृजना गर्न सक्नेछ । नियुक्तिको प्रक्रिया निम्नानुसार हुनेछ :

(२) **प्रारम्भिक नियुक्ति-** कुनै शिक्षकको आवश्यकता भएमा कम्तिमा १५ दिनको म्याद दिई क्याम्पसको सूचना पाटी अथवा स्थानीय वा राष्ट्रिय पत्र पत्रिकामा विज्ञापन गरिनेछ । यसरी प्रारम्भिक नियुक्ति गर्दा स्नातकोत्तर तहमा कम्तिमा द्वितीय श्रेणीमा उतीर्ण गरेको शैक्षिक योग्यता र अनुभवको आधारमा सहायक प्राध्यापक पदमा करारमा नियुक्ति गरिनेछ ।

विभिन्न अनुसन्धानात्मक कृति, अन्तर्राष्ट्रिय जर्नलमा लेख रचना प्रकाशित गरेको तथा पि.एच.डी. (बिद्यावारिधि) को योग्यता हासिल गरेको ख्याति प्राप्त व्यक्तिलाई सञ्चालक समितिले उप-प्राध्यापक पदमा नियुक्ति गर्न सक्नेछ ।

(३) **स्थायी नियुक्ति-** उप प्राध्यापक पदमा नियुक्त हुन स्नातकोत्तर उपाधि प्राप्त गरी सहायक प्राध्यापक पदमा कम्तिमा ३ वर्ष प्राध्यापन अनुभव हासिल गरेको हुनु पर्नेछ । तर गैर नागरिकका हकमा स्नातकोत्तर उपाधि प्राप्त गरी कम्तीमा ५ वर्ष प्राध्यापन गरेको अनुभव हासिल गरेको हुनु पर्नेछ ।

तर यो विधान लागु हुनुभन्दा अघि नियुक्ति भएका प्राध्यापकका हकमा यो दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(४) **सह प्राध्यापक पदमा बढुवा-** सह प्राध्यापक पदको पदपूर्ति बढुवाबाट गरिने छ । सह प्राध्यापक पदको दरबन्दीको सृजना कायम रहेको उप प्राध्यापकको दरबन्दीका आधारमा ५ बराबर १ को अनुपातमा सञ्चालक समितिले निर्धारण गर्नेछ । उप-प्राध्यापक पदमा

स्थायी भई अविच्छिन्न रुपमा ७ वर्षसम्म सेवाअवधि पुरा गरेपछि वा सम्पूर्ण सेवाअवधि १० बर्ष पुरा गरेपछि सह-प्राध्यापक पदको उम्मेदवार हुन योग्य मानिनेछ ।

(५) **प्राध्यापक पदमा बढुवा-** प्राध्यापक पदको पदपूर्ति बढुवाबाट गरिनेछ । प्राध्यापक पदको दरबन्दीको सृजना कायम रहेको सहप्राध्यापकको दरबन्दीका आधारमा ५ बराबर १ को अनुपातमा निर्धारण गरिनेछ र सह-प्राध्यापक पदमा अविछिन्न रुपमा १० वर्ष सेवाअवधि पुरा गरेपछि वा सम्पूर्ण सेवाअवधि १५ बर्ष पूरा गरेपछि प्राध्यापक पदको उम्मेदवार हुन योग्य मानिनेछ ।

४०) **करार र आंशिक सेवा सम्बन्धी व्यवस्था** : (१) क्याम्पसको आवश्यकता र औचित्य अनुसार सञ्चालक समितिले विशेष दरवन्दी सृजना गरी कुनै अनुभवी, दक्ष र ख्याति प्राप्त व्यक्तिलाई कुनै पनि पदमा करारनामाको शर्तवन्दीमा काम गराउन सक्नेछ । यसरी करारनामाको शर्तवन्दीमा आउने व्यक्तिहरूलाई सञ्चालक समितिले प्रचलित स्केल भन्दा बढी तलब तथा अन्य सुविधाहरू दिन सक्नेछ ।

(२) कुनै व्यक्ति विदेशी नागरिक भएमा त्यस्ता व्यक्तिलाई करार सेवामा आंशिक सेवा अन्तर्गत नियुक्त गरिनेछ र सेवा सुविधाका शर्तहरू करारमा उल्लेख भएबमोजिम हुनेछ।

(३) कुनै सरकारी वा संगठित संस्थामा पूर्णकालिक अवधि काम गर्ने व्यक्तिलाई यस क्याम्पसमा नियुक्ति दिनुपरेमा आंशिक सेवा अन्तर्गत कक्षागत हिसावमा पारिश्रमिक पाउने गरी नियुक्ति दिन सकिनेछ ।

(४) करार सेवामा रही निरन्तर रुपमा १० बर्ष भन्दा बढी सेवा गरेका प्राध्यापकहरूका लागि खाईपाई आएको पारिश्रमिकको १० प्रतिशतले हुन आउने रकम थप प्रोत्साहन स्वरुप प्रदान गरिनेछ ।

४१) **शिक्षकहरूको बढुवाको आधार र विशेष व्यवस्था** : सञ्चालक समितिले प्राध्यापकहरूको आन्तरिक बढुवाको व्यवस्था गर्नेछ । बढुवाको प्रमुख आधार नोकरी अवधि, शैक्षिक योग्यता, विद्यार्थी उतीर्ण प्रतिशत, प्रकाशित कृति, विशेष जिम्मेवारी, थेसिस गाइड, कार्य सम्पादन मूल्याङ्न र अन्तरवार्ता हुनेछ ।

(१) **सेवा अवधि-** सेवा अवधिको अङ्क गणना गर्दा प्रतिवर्ष ०.७५ अङ्कका दरले अधिकतम १५ अङ्क प्रदान गरिनेछ । यस्तो पदावधिको गणना गर्दा बढुवा हुने पद भन्दा तल्लो तहको पदमा पुर्णकालीन रुपमा करार वा अस्थायी वा स्थायी नियुक्ति भइ काम गरेको सम्पूर्ण सेवाअवधिलाई गणना गरिनेछ । सेवाअवधि गणना गर्दा चानचुन महिना वा दिनका लागि दामासाहीको हिसावले अङ्क दिइनेछ ।

तर, यस खण्डको प्रयोजनका लागि गयल भएको वा असाधारण बिदामा बसेको अवधिको अङ्क दिइने छैन ।

(२) **शैक्षिक योग्यता-** शैक्षिक योग्यता बापत अधिकतम १० अङ्क देहायबमाजिम गणना गरी प्रदान गरिनेछ :

(क) सेवा प्रवेशका लागि आवश्यक न्युनतम् योग्यताबापत विशिष्ट श्रेणी ५ अङ्क, प्रथम श्रेणी ४ अङ्क, द्वितीय श्रेणी- ३ अङ्क र तृतीय श्रेणी २ अङ्क,

(ख) स्नातकोत्तर तहको दोहोरो डिग्री वा एम.फिल. (दर्शनाचार्य) का लागि प्रथम श्रेणी २.५० अङ्क, द्वितीय श्रेणी २.०० अङ्क र तृतीय श्रेणी १.५० अङ्क,

(ग) पि.एच.डि. (बिद्यावारिधि) का लागि २.५० अङ्क,

(घ) श्रेणी नखुलेको शैक्षिक योग्यताका लागि प्राप्त गरेको प्राप्ताङ्कको आधारमा श्रेणी छुट्याई सोही बमोजिमको अङ्क प्रदान गरिनेछ ।

(३) **कृति-** आफूले प्राध्यापन गर्ने विषय वा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्षेत्रमा क्याम्पसको गरिमालाई उच्च बनाउन योगदान पुऱ्याउने अनुसन्धान, लेख, रचना, कृति प्रकाशित गरेमा प्रतिकृति १ अङ्कका दरले बढिमा ५ अङ्क,

(४) **विशेष जिम्मेवारी-** शिक्षकहरूलाई सेवा प्रवेशका लागि तोकिएको जिम्मेवारी बाहेक विशेष जिम्मेवारी निर्वाहा गरेबापत प्रतिवर्ष १ अङ्कका दरले अधिकतम् ५ अङ्क प्रदान गरिनेछ। अतिरिक्त जिम्मेवारी बापतको अङ्क देहाय बमोजिम प्रदान गरिनेछ :

(क) क्याम्पस प्रमुखका रुपमा जिम्मेवारी निर्वाह गरेबापत प्रतिवर्ष १ अङ्कका दरले बढिमा ५ अङ्क

(ख) सहायक क्याम्पस प्रमुख वा क्याम्पसमा सञ्चालित परियोजनाका संयोजकको रुपमा जिम्मेवारी निर्वाहा गरेबापत प्रतिवर्ष १ अङ्कका दरले बढिमा ४ अङ्क

(ग) सङ्काय प्रमुखका रुपमा जिम्मेवारी निर्वाहा गरेबापत प्रतिवर्ष ०.५ अङ्कका दरले बढिमा २ अङ्क

(घ) अतिरिक्त किरियाकलाप, खेलकुद, साहित्य वा कुनै समितिको संयोजकका रुपमा जिम्मेवारी निर्वाहा गरेबापत प्रतिवर्ष ०.२५ का दरले बढिमा १ अङ्क

(५) **थेसिस गाइड-** स्नातकोत्तर तह वा सो भन्दा माथिल्लो तहको थेसिस गाइड गरेबापत प्रतिथेसिस १ अङ्कका दरले बढिमा ५ अङ्क ।

(६) **कार्यसम्पादन मूल्याङ्कन-** कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा सुपरीवेक्षकका रुपमा क्याम्पस प्रमुखले बढिमा १० अङ्क र पुनरावलोकनकर्ताका रुपमा क्याम्पस सञ्चालक समितिका अध्यक्षले बढिमा ५ अङ्क गरी अधिकतम जम्मा १५ अङ्क प्रदान गर्नेछ । कार्य सम्पादन मूल्याङ्कन गर्न क्याम्पसले तोकेबमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ। ३ वर्षको कार्य सम्पादन मूल्याङ्कनका आधारमा कार्य सम्पादन मूल्याङ्कन बापतको औषत अङ्क निर्धारण गरी गणना गरिनेछ । वैशाख महिनाको मसान्तभित्रमा स्थायी शिक्षक तथा कर्मचारीहरूले कार्यसम्पादन मूल्याङ्कन

फाराम भरी क्याम्पस प्रशासनमा बुझाउनुपर्नेछ । क्याम्पस प्रमुख बढुवा हुने पदका लागि आफैं उम्मेदवार रहेको अवस्थामा सुपरिवेक्षक तथा पुनरावलोकनकर्ता सञ्चालक समितिका अध्यक्ष रहनेछन् ।

(७) **अन्तरवार्ता -** आन्तरिक प्रतियोगिताबाट बढुवा गरिने पदका लागि अन्तरवार्ता लिई अधिकतम १० अङ्क पदपूर्ति समितिले प्रदान गर्नेछ । अन्तरवार्ताको अङ्क प्रदान गर्दा ९० प्रतिशत भन्दा बढी र ३५ प्रतिशतभन्दा कम अङ्क दिनुपरेमा कारण स्पष्ट गर्नुपर्नेछ ।

४२) **कर्मचारीको दरवन्दी र बढुवा सम्वन्धी व्यवस्था :** (१) कर्मचारिको दरवन्दी श्रेणीविहीनदेखि तृतीय श्रेणीको अधिकृतस्तरसम्म रहने गरी सञ्चालक समितिको दुई तिहाई बहुमतले आवश्यकतानुसार करार र स्थायी दरवन्दी सिर्जना गर्न सक्नेछ । कुनै कर्मचारीको आवश्यकता भएमा कम्तिमा १५ दिनको म्याद दिई क्याम्पसको सूचना पाटी अथवा स्थानीय वा राष्ट्रिय पत्रपत्रिकामा विज्ञापन गरिनेछ । यसरी प्रारम्भिक नियुक्ति गर्दा शैक्षिक योग्यता र अनुभवको आधारमा करारमा नियुक्ति गरिनेछ ।

(२) सहायकस्तर (खरिदार सरह) पदमा नियुक्ति भई कम्तिमा तीन वर्षको अनुभव प्राप्त गरेको व्यक्ति स्थायी हुन योग्य मानिनेछ । हेड असिष्टेण्ट र अधिकृतस्तरको दरबन्दी बढुवा प्रकिरियाद्वारा पदपूर्ति गरिनेछ । बढुवा हुने पदको सिर्जना सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ । कुनै पनि दरबन्दीमा स्थायी नियुक्ति भई कार्यरत कर्मचारीले बढुवा हुने पदको लागि आवश्यक पर्ने शैक्षिक योग्यता हासिल गरेका रहेछन् भने ५ वर्ष र सो नभएमा १५ वर्ष सेवा गरेपछि बढुवा हुन योग्य मानिनेछ ।

४३) **कर्मचारीहरूको बढुवाको आधार :** (१) कर्मचारीहरूको बढुवाको आधार नोकरी अवधि, कार्य सम्पादन मूल्याङ्कन, शैक्षिक योग्यता, तालिम र अन्तरवार्ता हुनेछ ।

(क) **नोकरी अवधि-** नोकरी अवधिको अङ्क गणना गर्दा प्रतिवर्ष ०.७५ अङ्कका दरले अधिकतम १५ अङ्क प्रदान गरिनेछ । यस्तो पदावधिको गणना गर्दा बढुवा हुने पद भन्दा तल्लो तहको पदमा बहाल रहेको स्थायी सेवाअवधिलाई गणना गरिने छ। सेवाअवधि गणना गर्दा चानचुन महिना वा दिनका लागि दामासाहीको हिसावले अङ्क दिइनेछ। यस खण्डको प्रयोजनका लागि गयल भएको वा असाधारण बिदामा बसेको अवधिको अङ्क दिइनेछैन ।

(ख) **कार्य सम्पादन मूल्याङ्कन-** कार्य सम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा सुपरिवेक्षकका रुपमा क्याम्पस प्रमुखले बढिमा १० अङ्क र पुनरावलोकनकर्ताका रुपमा सञ्चालक समितिका अध्यक्षले बढिमा ५ अङ्क गरी अधिकतम जम्मा १५ अङ्क प्रदान गर्नेछ । कार्य सम्पादन मूल्याङ्कन गर्न क्याम्पसले तोके बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ। वैशाख महिनाको मसान्तभित्रमा

स्थायी कर्मचारीहरूले कार्य सम्पादन मूल्याङ्कन फोराम भरी क्याम्पस प्रशासनमा बुझाउनु पर्नेछ ।

(ग) **शैक्षिक योग्यता** : शैक्षिक योग्यताको अङ्क गणना गर्दा सेवा प्रवेशका लागि आवश्यक न्युनतम योग्यता बापत विशिष्ट श्रेणी ५ अङ्क, प्रथम श्रेणी ४ अङ्क, द्वितीय श्रेणी ३ अङ्क र तृतीय श्रेणीका लागि २ अङ्क प्रदान गरिनेछ ।

(घ) **तालिम** : तालिमको अङ्क गणना गर्दा १ महिना वा सोभन्दा बढि अवधिको सेवासँग सम्वन्धित पेशागत तालिम प्राप्त गरेको भए प्रथम श्रेणी ५ अङ्क, द्वितीय श्रेणी ४ अङ्क र तृतीय श्रेणीका लागि ३ अङ्क प्रदान गरिनेछ । श्रेणी नखुलेको तालिमका लागि द्वितीय श्रेणी बराबरको अङ्क प्रदान गरिनेछ ।

(ङ) **अन्तवार्ता** - पदपूर्ति समितिले अन्तरवार्ता लिई अधिकतम १५ अङ्क प्रदान गर्न सक्नेछ । अन्तरवार्ताको अङ्क प्रदान गर्दा ९० प्रतिशत भन्दा बढि र २५ प्रतिशत भन्दा कम अङ्क दिनु परेमा कारण स्पष्ट गर्नु पर्नेछ ।

(२) श्रेणीविहिन कर्मचारीहरूले स्थायी भई १५ वर्ष सेवा गरेपछि एक तह बढुवा हुन योग्य मानिनेछ । श्रेणीविहिन कर्मचारीहरूको बढुवाको आधार कार्य सम्पादन मूल्याङ्कन हुनेछ ।

(३) क्याम्पसको आवश्यकता अनुसार सञ्चालक समितिले करार वा दैनिक ज्यालादारीमा कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

४४) **तलब भत्ता र अन्य सुविधाहरू** : (१) विभिन्न पदमा नियुक्त शिक्षक तथा कर्मचारीको निम्नतम तलब, भत्ता र ग्रेड त्रि.वि. स्केल बमोजिम हुनेछ । अन्य भत्ता र सुविधाहरू सञ्चालक समितिले तोकेअनुसार हुनेछ । खाईपाई आएको तवल, भत्ता र अन्य सुविधाहरू घटाउने गरी कुनै निर्णय गरिने छैन ।

(२) शिक्षकहरूले प्राध्यापन गर्नुपर्ने अधिकतम पिरियड स्नातक तहमा प्रतिहप्ता १८ पिरियड हुनेछ । कुनै पनि शिक्षकलाई क्याम्पस प्रमुखले कुनै पनि सिफ्टमा सम्बन्धित विषयको तोकिएको भन्दा बढी पिरियडको जिम्मेवारी दिन सक्नेछ र उक्त जिम्मेवारी बहन गर्नु शिक्षकहरुको दायित्व हुनेछ । अधिकतम भन्दा बढी पिरियड प्राध्यापन गर्ने प्राध्यापकलाई त्रि.वि.ले तोकेबमोजिमको प्रतिपिरियड अतिरिक्त पारिश्रमिक प्रदान गरिनेछ ।

(३) क्याम्पसमा कार्यरत शिक्षक र कर्मचारीलाई प्रत्येक त्रैमासिक समाप्त हुनुभन्दा साधारणता ५ दिन अगावै तलब भत्तासमेत भुक्तानी पाउने छन् ।

(४) ६ महिना सेवा गरेका पूर्णकालीन शिक्षक र कर्मचारीलाई प्रत्येक वर्षको दसैंमा खाईपाई आएको १ महिनाको तलब बराबरको रकम चाडपर्व खर्चबापत प्रदान गरिनेछ । ६ महिना सेवा अवधि नपुगेका हकमा चाडवाड खर्च बापतको रकम पेश्कीको रुपमा ६ महिना सेवाअवधि पुगेपछि स्वतह फर्स्यौट हुनेगरी प्रदान गरिने छ । अन्यथा सो रकम सम्वन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

४५) **सेवा शर्त सम्वन्धि व्यवस्था :** (१) शिक्षकले आफ्नो पदबाट अवकाश लिन चाहेमा कम्तिमा १ महिना अगाडि सोही व्यहोराको सूचना क्याम्पसमा दिनु पर्नेछ । बिना सूचना पद छाडेको खण्डमा निजबाट १ महिनाको तलब बराबरको रकम असुल गरिनेछ ।

(२) करार सेवामा रहेका शिक्षकलाई क्याम्पसले तोकिएको समय भन्दा पहिले अवकाश दिनु परेमा सोही व्यहोराको सूचना कम्तीमा १ महिना अगावै दिनुपर्नेछ । यो सूचना बिना अवकाश दिएमा १ महिनाको तलब बराबरको रकम प्रदान गर्नुपर्नेछ ।

(३) करार सेवामा बढीमा १ वर्षसम्मको लागि नियुक्ति गर्न सकिनेछ ।

(४) शिक्षक तथा कर्मचारीलाई निजको उमेर ६३ वर्ष पूरा भएपछि क्याम्पस सेवाबाट अनिवार्य अवकाश दिइनेछ ।

(५) करार सेवामा नियुक्तिको लागि वर्षको कुनै हदवन्दी रहने छैन ।

## परिच्छेद-१०
## बिदा सम्वन्धि व्यवस्था

४६) **शिक्षक तथा कर्मचारीले पाउने बिदा :** (१) क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई देहायबमोजिमको बिदाको सुविधा पाउने छन् ।

(क) घर बिदा
(ख) बिरामी बिदा
(ग) पर्व बिदा
(घ) भैपरि आउने बिदा
(ङ) किरिया बिदा
(च) प्रसूति बिदा र प्रसूति सेवा बिदा
(छ) हिउँदे वा वर्षे बिदा
(ज) अध्ययन बिदा
(झ) शोधकार्य सम्बन्धी बिदा
(ञ) असाधारण बिदा
(ट) स्थानीय बिदा

४७) **शिक्षक र कर्मचारीको बिदा सुविधा :**

(१) **घर बिदा :** वर्षे वा हिउँदे बिदा नपाउने अस्थायी तथा स्थायी शिक्षक वा कर्मचारीले वर्षको ३० दिन घर बिदा पाउने छन् । घर बिदा बढीमा १८० दिनसम्म सञ्चित रहनेछ। १८० दिनभन्दा बढी सञ्चित रहेको घर बिदा वापत एक वर्षमा ३० दिनमा नबढाई त्यस्तो बिदाको रकम आर्थिक वर्ष अन्त्य भएपछि पाउने छन् । त्यस्तो सञ्चित घर बिदा

बढीमा १८० दिन सम्मको रकम नोकरीबाट अवकाश हुँदाको बखत एकमुष्ठ रुपमा प्राप्त गर्नेछन् ।

(२) **विरामी बिदा :** शिक्षक वा कर्मचारीलाई १ वर्षको सेवाका लागि १२ दिनको पूरा तलबी वा २४ दिनको आधा तलबी विरामी बिदा दिइनेछ । विरामी बिदा सञ्चित हुँदै जानेछ । बिरामी बिदा उपभोग गर्दा एकैपटक ७ दिन भन्दा बढी बिदा लिनुपरेमा मान्यताप्राप्त चिकित्सकको चिकित्सासम्वन्धी प्रमाण-पत्र पेश गर्नुपर्नेछ । सञ्चित बिरामी बिदाको रकम अवकास हुँदा एकमुष्ट रुपमा खाईपाई आएको तलब स्केलको दरले प्राप्त हुनेछ ।

(३) **पर्व बिदा :** शिक्षक तथा कर्मचारीले वर्ष भरिमा ६ दिन पर्व बिदा पाउने छन् र यस्तो बिदा सञ्चित हुने छैन ।

(४) **भैपरि आउने बिदा :** शिक्षक र कर्मचारीले वर्ष भरिमा ६ दिन भैपरि आउने बिदा पाउने छन् । यस्तो बिदा सञ्चय हुने छैन ।

(५) **किरिया बिदा :** शिक्षक र कर्मचारीको आफै कृया बस्नुपर्ने नाता भएको व्यक्तिको मृत्यु भएको खण्डमा कुल धर्म हेरी काजकिरिया गर्न बढीमा १५ दिनसम्म किरिया बिदा पाउन सक्नेछन् । महिला प्राध्यापक वा कर्मचारीको श्रीमान आफैं किरिया बस्नुपरेमा महिला प्राध्यापक वा कर्मचारीलाई पनि सोही अनुसार बिदा दिइनेछ । यस्तो बिदामा बस्दा पुरा तलब पाइनेछ ।

(६) **प्रसुति बिदा र प्रसूति सेवा बिदा :** कुनै महिला शिक्षक वा कर्मचारी सुत्केरी भएमा सुत्केरी हुनुभन्दा अगाडि र पछाडि गरी लगातार रुपमा जम्मा ७५ दिन प्रसूति बिदा पाउन सक्ने छिन । यस्तो बिदा सेवा अवधिभर २ पटक मात्र प्रदान गरिनेछ । पुरुष प्राध्यापक वा कर्मचारीको पत्नी प्रसूति हुँदा सेवा अविधभर एकपटक ७ दिनसम्म प्रसूति सेवा बिदा दिइनेछ ।

(७) **हिउँदे वा वर्षे बिदा :** घर बिदा नपाउने शिक्षकलाई औचित्य हेरी २ महिनासम्म हिउँदे वा वर्षे बिदा दिइनेछ ।

(८) **अध्ययन बिदा :** अध्ययन बिदासम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(क) कुनै स्थायी शिक्षकलाई क्याम्पसले आफ्नो तर्फबाट अध्ययन गराउनको लागि बढीमा ३ वर्षसम्मको लागि पूरा वा आधा तलब पाउने गरी स्वदेश वा विदेशमा अध्ययन बिदामा पठाउन सक्नेछ । कुनै शिक्षक आफू खुसी अध्ययन बिदा लिन चाहेमा सञ्चालक समितिले बढीमा ३ वर्षसम्म बेतलबी अध्ययन बिदा स्वीकृत गर्न सक्नेछ । यस्तो बिदा उपभोग गर्न कम्तीमा ५ वर्षको अविच्छिन्न सेवा पूरा गरेको हुनु पर्दछ ।

(ख) अध्ययन बिदा पाएका शिक्षकले अध्ययन गरी क्याम्पसमा फर्किसकेपछि कम्तिमा ५ वर्ष क्याम्पसमा सेवा गर्नुपर्ने कबुलियत गर्नुपर्नेछ । ५ वर्ष नपुग्दै सेवाबाट

अवकाश लिन चाहेमा अध्ययन बिदामा बस्दा उपभोग गरेको सबै सुविधा अवकाश लिई सकेपछि क्याम्पसबाट प्राप्त हुने सुविधाबाट असुल उपर गरिनेछ ।

(ग) अध्ययन बिदा पाउने शिक्षकले आफ्नो अध्ययनमा सन्तोषजनक प्रगति गरेको छैन भन्ने क्याम्पसलाई जानकारी प्राप्त भएमा आवश्यक जाँचबुझ गरी कुनै पनि बखत त्यस्तो शिक्षकलाई निजको बिदा रद्द गरी फिर्ता बोलाउन सकिनेछ ।

(९) **शोध कार्य सम्बन्धी बिदा :** कुनै शिक्षकले बिदावारिधि उपाधि हासिल गर्ने सिलसिलामा viva दिनको लागि समेत पूरा तलब पाउने गरी १ महिनासम्म शोध कार्य सम्वन्धि बिदा पाउने छन् ।

(१०) **असाधारण बिदा :** अन्य कुनै पनि बिदा बाँकी नरहेको अवस्थामा शिक्षक तथा कर्मचारीले सञ्चालक समितिको स्वीकृतिमा तलब नपाउने गरी असाधारण बिदा पाउन सक्नेछन् । यस्तो बिदाको सुविधा स्थायी प्राध्यापक र कर्मचारीले सेवा अवधिभरमा अधिकतम ३ वर्षसम्म प्राप्त गर्न सक्नेछन् । यस्तो बिदा उपभोग गर्न कम्तीमा ५ वर्षको अविच्छिन्न सेवा पूरा गरेको हुनु पर्दछ ।

(११) **स्थानीय बिदा :** प्रत्येक आर्थिक वर्षमा ३ दिन स्थानीय पर्व बिदा दिइने छ । यस्तो बिदा क्याम्पस प्रमुखले दिन सक्नेछ ।

(१२) माथि जुनसुकै कुरा लेखिएको भए तापनि क्याम्पस प्रमुखबाट आवश्यक सेवा भनी तोकेका कर्मचारीहरूले कुनै पनि सार्वजनिक बिदा उपभोग गर्न पाउने छैनन् ।

तर सो बापत निजहरूले १ वर्षमा ५२ दिनको सट्टा बिदा पाउने छन् । आर्थिक वर्षको अन्तमा उपभोग गरी बाँकी रहेको सट्टा बिदाको रकम खाईपाई आएको तलबको दरले दिइनेछ ।

४८) **बिदा अधिकारको रुपमा नहुने :** बिदा अधिकारको रुपमा मानिने छैन । क्याम्पसको काममा बाधा नपर्ने गरी दिइने सुविधा मात्र हुनेछ । प्राध्यापक तथा कर्मचारीले बिदामा बस्दा क्याम्पसले तोके बमोजिमको निवेदन दिई बिदा स्वीकृत गराई बस्नुपर्नेछ । विरामी बिदा, किरिया बिदा र सुत्केरी नै हुंदाको प्रसूति बिदा बाहेक कुनै पनि बिदा पूर्वस्वीकृति बेगर उपभोग गर्न पाइने छैन ।

४९) **बिदा स्वीकृत गर्ने अधिकारी :** शिक्षक कर्मचारीको बिदाको स्वीकृति देहायाबमोजिमको अधिकारीबाट हुनेछ :

(क) क्याम्पस प्रमुखको बिदा सञ्चालक समितिको अध्यक्षले स्वीकृत गर्नेछ ।

(ख) सहायक क्याम्पस प्रमुख, शिक्षक र कर्मचारीहरूको बिदा क्याम्पस प्रमुखले स्वीकृत गर्नेछ

(ग) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भएतापनि अध्ययन बिदा, शोध कार्य सम्बन्धी बिदा र असाधारण बिदा सञ्चालक समितिले स्वीकृत गर्नेछ र क्याम्पसले अत्यावस्यक र उपयक्त ठानेमा अध्ययन बिदा र असाधारण बिदामा बसेका कुनै पनि शिक्षक तथा कर्मचारीहरूलाई फिर्ता बोलाई काममा लगाउन सक्नेछ ।

५०) **शिक्षक कर्मचारी सम्बन्धी अन्य व्यवस्था :** शिक्षक कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त, सुविधा सम्बन्धी अन्य व्यवस्था नियम, विनियममा उल्लेख गरे बमोजिम तथा संचालक समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-११
## क्याम्पसको कोष, लेखापालन तथा लेखापरीक्षण

५१) **क्याम्पसको कोष, लेखापालन तथा लेखापरिक्षण सम्बन्धि व्यवस्था :** (१) क्याम्पसको एक कोष रहनेछ र यसमा देहायका रकमहरू रहनेछन् :

(क) विद्यार्थीहरूबाट उठेको शुल्क
(ख) क्याम्पसले ऋण/सापटी लिएको रकम
(ग) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त सहयोग
(घ) दान दातव्य तथा चन्दा स्वरुप प्राप्त रकम
(ङ) विभिन्न दातृसस्था वा निकायहरूबाट प्राप्त सहयोग रकम
(च) अन्य विविध स्रोतबाट प्राप्त रकम ।

(२) क्याम्पस कोषको रकमको प्रयोग तोकिएको बैंकमा खाता खोली गरिनेछ । खाता सञ्चालनमा क्याम्पस प्रमुखको हस्ताक्षर अनिवार्य हुने छ ।

(३) क्याम्पस कोष खाताको सञ्चालन नियमावलीमा तोकिए अनुसार हुनेछ ।

(४) क्याम्पसमा आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ ।

(५) आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

(६) लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक सम्वन्धि व्यवस्था सञ्चालक समितिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-१२
## आचार संहिता सम्बन्धी व्यवस्था

५२) **सञ्चालक समितिको आचारसंहिता :**

(क) क्याम्पसको विकास र हितलाई सर्वोपरी प्राथमिकता दिनुपर्ने ।
(ख) संस्थागत कार्यमा व्यक्तिगत हित हुने गरी कार्य गर्न नहुने ।
(ग) क्याम्पसको हित विपरीत कार्य गर्न र गोपनीयता भंग गर्न गराउन नहुने ।
(घ) क्याम्पसको विधान र नियमहरूको पालना गर्नुपर्ने ।

५३) **शिक्षक तथा कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहिता :** (१) शिक्षक तथा कर्मचारीहरूले देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ ।

(क) **समय पालन र नियमितता-** शिक्षक तथा कर्मचारीहरूले क्याम्पसले तोकिदिएको समयमा तोकिएको पोशाकमा नियमित रुपमा हाजिर भई तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ । यस नियमको अधिनमा रहि तोकिएको बिदा तोकिएबमोजिम स्वीकृति नलिई अनुपस्थित हुनु हुँदैन ।

(ख) **राजनैतिक निर्वाचनमा उम्मेदवार बन्न नहुने-** कुनै पनि शिक्षक वा कर्मचारीहरूले कुनै पनि राजनैतिक निर्वाचनमा उम्मेदवार बन्नु हुँदैन । राजनैतिक दलको कार्यसमिति वा इकाइ समिति वा अन्य कुनै पनि पदमा बस्नु हुँदैन । तर प्रचलित कानुनबमोजिम बैठक, कार्यशाला, गोष्ठि, सम्मेलन, छलफलमा भाग लिई कुनै विचार व्यक्त गरी प्राज्ञिक स्वतन्त्रता उपयोग गर्न एवं विश्वबिदालयबाट स्वीकृत नेपाल प्राध्यापक संघ, पब्लिक क्याम्पस प्राध्यापक संघ वा नेपाल कानुनबमोजिमको कुनै धार्मिक वा सामाजिक वा वर्गीय पेशागत हित र एकताका लागि संगठित पेशागत संघ संगठन वा संस्थाको कुनै पदमा उम्मेदवार हुन यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(ग) **स्वीकृति लिनु पर्ने-** शिक्षक वा कर्मचारीले कुनै परामर्श वा अनुसन्धान सम्वन्धि प्रतिष्ठान खोल्न वा सञ्चालन गर्न चाहेमा सञ्चालक समितिको स्वीकृति लिनु पर्नेछ । तर प्राज्ञिक तथा व्यवसायिक प्रकृतिको सेवा वा काम गर्न यस नियमले बाधा पुऱ्याएको मानिनेछैन।

(घ) **आफ्नो सेवा र पदअनुसारको आचरण गर्नुपर्ने-** प्राध्यापक तथा कर्मचारीहरूले क्याम्पसभित्र वा बाहिर आफ्नो बौद्धिक तथा प्राज्ञिक प्रतिष्ठा कायम रहने गरी आफ्नो आचरण तथा नैतिकता शुद्ध, उच्च र पवित्र राख्नुपर्दछ ।

(ङ) **गैरकानुनी वक्तव्य दिन नहुने -** क्याम्पसको अहित हुनेगरी वा क्याम्पसको शैक्षिक वातावरणलाई धमिल्याउने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न वा प्रेशलाई कुनै खवर दिन वा रेडियो वा टेलिभिजन आदिजस्ता सुचना माध्यमद्वारा भाषण प्रसारित गर्न वा कुनै सार्वजनिक भाषण दिन वा वक्तव्य प्रकाशित गर्नुहुँदैन ।

(च) **हानी-नोक्सानी गर्न नहुने-** शिक्षक तथा कर्मचारीहरूले क्याम्पसको कुनै सम्पतिको हानी नोक्सानी गर्नु हुँदैन ।

(छ) **भ्रष्टाचार गर्नु नहुने-** शिक्षक तथा कर्मचारीहरूले अनुचित कार्य र भ्रष्टाचार गर्नु गराउनु हुँदैन ।

(ज) **उचित आदर र व्यवहार देखाउनु पर्ने-** शिक्षक तथा कर्मचारीहरूले सबै पदाधिकारी, शिक्षक र कर्मचारीहरूप्रति उचित आदर र व्यवहार देखाउनु पर्दछ ।

(झ) **अपराधलाई पश्रय दिन नहुने-** कुनै अपराधीलाई पश्रय हुने गरी तालाबन्दि गर्नु वा मानसिक कष्ट हुनेगरी दवाब दिनु वा सो गर्ने उद्देस्यले अरुलाई उक्साउनु हुँदैन ।

(ञ) **राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्नु नहुने-** कुनै प्राध्यापक वा कर्मचारीले आफ्नो सेवासम्वन्धि कुरामा मतलब साध्य गर्ने मनसायले अन्य प्राध्यापक वा कर्मचारीमाथि प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

(ट) **क्याम्पसलाई सहयोग गर्नु पर्ने-** विद्यार्थीहरूलाई शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानसम्वन्धि सल्लाह दिनु, क्याम्पसमा आईपरेका समस्या समाधानमा क्याम्पसलाई सहयोग गर्नु, क्याम्पसको वातावरण अनुशासित, मर्यादित र प्रतिष्ठित राख्न सहयोग गर्नु सबै प्राध्यापक तथा कर्मचारीहरूको कर्तव्य हुनेछ ।

५४) **विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता :**

(१) **विद्यार्थीले लिनुपर्ने उद्देश्य-** विद्यार्थीले निम्नलिखित उद्देश्य लिनु पर्नेछ :

(क) अध्ययन, चिन्तनमनन् गर्ने र परीक्षामा उच्च अङ्क प्राप्त गर्ने ।

(ख) समाजिक सेवा तथा परोपकार सम्बन्धि कार्यहरूमा संलग्न रहने ।

(ग) साधारण जीवन तथा उच्च आदर्शको नीति लिने ।

(२) **ऐन, नियम र विनियम पालना गर्नु पर्ने-** विद्यार्थीले ऐन, नियम, क्याम्पसको नियम, निर्देशन, सूचना आदिको पालना गर्नु पर्नेछ ।

(३) **क्याम्पसलाई सहयोग गर्नु पर्ने-** विद्यार्थीले क्याम्पसको गरिमा, प्रतिष्ठा र मर्यादाको अभिबृद्धिको लागि सक्दो योगदान, सहयोग प्रदान गर्नुको अतिरिक्त क्याम्पस प्रति उच्च सद्भावना राख्नुपर्दछ ।

(४) **पारस्पारिक सम्बन्ध कायम राख्ने-** एक विद्यार्थीले अर्को विद्यार्थीमा सु-सम्बन्ध, सुव्यवहार, सहयोग, सद्भावना तथा शिष्टाचार जागृत गराउनु पर्दछ ।

(५) **अनुशासनमा रहनुपर्ने-** क्याम्पसको हाताभित्र र बाहिर विद्यार्थीहरू पूर्णरुपमा अनुशासनमा रहनु पर्दछ ।

(६) **उचित आदर गर्नु-** विद्यार्थीले पदाधिकारी, प्राध्यापक र कर्मचारीहरूलाई उचित आदर र सम्मान सुचक सम्बोधन र व्यवहार गर्नुपर्दछ ।

(७) **क्याम्पस हाताभित्र गर्न नहुने कार्यहरू-** विद्यार्थीले क्याम्पसको हाताभित्र देहायका कार्यहरू गर्नु गराउनु हुदैन ।

(क) क्याम्पस प्रमुख वा अधिकार प्राप्त अधिकारीको पूर्वस्वीकृति विना सार्वजनिक सभा, प्रर्दशनी, नाचगान, नाटक संस्कृतिक वा मनोरञ्जन कार्यक्रमहरूको आयोजना वा संञ्चालन गर्न गराउन ।

(ख) कुनै घातक हातहतियार र निषेधित वा अवाञ्छनिय माल वस्तुसहित उपस्थित हुन वा भेला गर्न ।

(ग) हुलहुज्जत, दबाब, जर्वजस्ती, तोडफोड, कुटपिट हमला, गालिगलौज, अभद्र व्यवहार र घेराउ गर्न ।

(घ) शैक्षिक र प्राज्ञिक वातावरणमा अस्वस्थता वा प्रतिकुलता ल्याउनु वा ल्याउन लगाउन ।

(ङ) फोहोर मैला वा अन्य दुषित काम गर्नु गराउन ।

(च) निषेधित क्षेत्रमा प्रवेश गर्नु गराउन ।

(८) **क्याम्पसको सम्पत्तिको हानि नोक्सानी गर्नु नहुने-** विद्यार्थीले क्याम्पसको भवन, फर्निचर, पुस्तक, यन्त्र, उपकरण, औजार फलफुल लगायत कुनै पनि चल अचल सम्पतिको हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गर्नु गराउनु हुदैन ।

(९) **अनुमति बेगर कक्षा प्रवेश गर्न र छोड्न नहुने-** प्राध्यापकले प्राध्यापन वा मार्गदर्शन वा निर्देशन दिईरहेको कक्षा वा अन्य कुनै स्थानमा निजको अनुमति बिना विद्यार्थी प्रवेश गर्न वा त्यहाँबाट निस्कनु हुँदैन ।

(१०) **शुल्क समय भित्रै तिर्नु पर्ने-** क्याम्पसमा बुझाउनुपर्ने शुल्क वा अन्य रकम सम्बन्धित विद्यार्थीले तोकिएको म्यादभित्र नियमित रुपले तिर्नु पर्दछ ।

(११) **परिचय-पत्र साथमा राख्नु पर्ने-** विद्यार्थीले क्याम्पसमा प्रवेश गर्दा वा क्याम्पसमा रहँदाको समयमा आफ्नो परिचय पत्र आफू साथै राख्नु पर्दछ । क्याम्पसले विद्यार्थीका लागि कुनै किसिमको पोशाक लगाउन तोकेको खण्डमा सोही पोशाकमा क्याम्पस वा कक्षामा प्रवेश गर्नुपर्दछ ।

(१२) **पुस्तक वा अन्य बक्यौता बुझाउनु पर्ने-** क्याम्पसमा आफ्नो अध्ययन समाप्त भएपछि विद्यार्थीले आफूले पुस्तकालयबाट लिईराखेको पुस्तक वा अन्य बस्तु वा बुझाउन बाँकी रहेको रकम वा अन्य बक्यौदा तोकिएको म्याद भित्र बुझाउनु पर्नेछ ।

(१३) **सघं संगठन खोल्न वा आवद्ध हुन पाउने-** क्याम्पसमा भर्ना भई अध्ययनरत विद्यार्थीहरूले क्याम्पसको कुनै पनि कामकारबाहीलाई बाधा नपार्ने गरी आफ्नो ईच्छा र आस्थाका आधारमा संघ सगठन खोल्न वा आवद्ध हुन पाउनेछन् ।

५५) **विद्यार्थीको आचार संहिता सम्बन्धी कारवाही र सजाय :** (१) यस बिधानको दफा ४३ मा उल्लेख गरे वमोजिमका आचारसंहिता परिपालना नगर्ने तथा उक्त आचारसंहिता उलंघन गर्ने विद्यार्थीलाई क्याम्पस प्रमुखले आवश्यक छानबिन गरी निम्न बमोजिमका कारवाई गर्न सक्नेछन्

(क) चेतावनी दिने, क्षमा मगाउने वा लिखित नसिहत दिने ।

(ख) हानी नोक्सानी भएको चल अचल सम्पतिको बीगो वमोजिम क्षतिपूर्ति भराउने ।

(ग) अपराधको गंभीरता हेरी केही अवधिको लागि कक्षाबाट निलम्वन गर्ने ।

(घ) क्याम्पसमा अध्ययन गर्न नपाउने गरी निष्काशन गर्न सञ्चालक समितिमा सिफारिस गरी स्वीकृति भए वमोजिम कारवाही गर्ने ।

(२) विद्यार्थी आचार संहिता सम्बन्धी कारवाहीमा क्याम्पस प्रमुख र सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**५६) क्याम्पस समय :-**

प्रात: कालिन :-

दिवा: कालिन :-

साय: कालिन :-

क्याम्पसमा पठन पाठन हुने समयलाई क्याम्पस समय मानिने छ । शिक्षणतर्फमा शिक्षकहरुको हकमा पठन पाठन हुने समयलाई क्याम्पस समय मानिने छ । पूर्णकालिन शिक्षकहरुको हकमा पठन पाठन हुने समयसम्म क्याम्पसमा बस्नु पर्नेछ । कर्मचारीहरुको हकमा तोकिएको सिफ्ट भन्दा बाहेक काम गराएमा थप सिफ्ट काम गरेको समयका लागि सञ्चालक समितिले तोके अनुसार अतिरिक्त पारिश्रमिक प्रदान गरिनेछ ।

उपकुलपतिको कार्यालय
योजना निर्देशनालय, कीर्तिपुर

## परिच्छेद-१३

## विभागीय कार्यबाही, सजाय र पुनरावलोकन

५७) **शिक्षक तथा कर्मचारीलाई गर्न सकिने सजाय :** उचित र प्रयाप्त कारण भएमा शिक्षक तथा कर्मचारीहरूलाई देहाय वमोजिमको सजाय गर्न सकिनेछ :

(१) सामान्य सजाय -

(क) नसिहत दिने ।

(ख) बढिमा २ ग्रेड वृद्धि रोक्का गर्ने ।

(ग) बढिमा २ वर्षको लागि वढुवा रोक्का गर्ने ।

(२) विशेष सजाय -

(क) भविष्यमा क्याम्पस सेवाका निमित्त अयोग्य नठहरिने गरी सेवावाट हटाउने ।

(ख) भविष्यमा क्याम्पस सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवावाट वर्खास्त गर्ने ।

५८) **नसिहत दिने, ग्रेड वृद्धि वा वढुवा रोक्ने :** देहायको कुनै अवस्थामा प्राध्यापक तथा कर्मचारीलाई दफा ५७ (१) वमोजिम नसिहत दिन वा निजको ग्रेड वा वढुवा रोक्का गर्न सकिनेछ ।

(१) काम सन्तोषजनक नभएमा,

(२) क्याम्पसको पूर्वस्वीकृति नलिई बराबर अनुपस्थित रहेमा,

(३) अनुशासनहिन काम गरेमा,

(४) दफा ३६ बमोजिमको आचरणसम्बन्धी नियम उल्लघंन गरेमा ,

(५) तोकिए वमोजिम कार्य नगरेमा ।

५९) **सेवावाट हटाउने वा वर्खास्त गर्ने :** देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई दफा ५७(२) बमोजिम क्याम्पसमा सेवाका निमित्त भविष्यमा अयोग्य नठहरिने गरी वा अयोग्य ठहरिने गरि क्याम्पस सेवावाट हटाउन वा बर्खास्त गर्ने सकिनेछ ।

(१) आफ्नो कर्तव्यमा लापरवाही गरेमा,

(२) कार्य क्षमताको अभाव भएमा,

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार सावित भई कैदको सँजाय पाएमा,

(४) मानसिका असन्तुलनका कारण जिम्मेवारी अनुसार कर्तव्य पुरा गर्न नसक्ने भएमा ,

(५) भ्रष्टाचार गरेमा,

(६) दफा ५७ (१) वमोजिम सजाय पाईसकेपछि पनि पटक-पटक सोहि कार्य गरिरहेमा,

(७) क्याम्पसमा वाहेक अन्य निकायमा स्वीकृति नलिई काम गरेमा वा अन्यत्र पूर्णकालिन रुपमा काम गरेको प्रमाणित भएमा,

द्रस्टव्यः यो नियम लागु हुनुभन्दा अघि क्याम्पसको पूर्वस्वीकृति वेगर अन्यत्र कार्यरत शिक्षक तथा कर्मचारीहरूले यो विधान लागु भएको मितिले ३० दिन भित्र क्याम्पसको स्वीकृति लिनु पर्नेछ, अन्यथा यसै दफा अनुसार कारबाही हुनेछ ।

(८) दफा ५३ बमोजिमका आचरणका नियमहरू वारम्वार उल्लघंन गरे वा पालना नगरेमा

(९) लगातार ३० दिनसम्म विना सुचना क्याम्पस वा कार्या अनुपस्थित रहेमा ।

(१०) क्याम्पसमा सेवाको प्रयोजनको लागि पेश गरेको शैक्षिक प्रमाण-पत्र नक्कली ठहरिएमा ।

६०) **तलबवाट कट्टा गरी असुल गर्ने :** कुनै शिक्षक वा कर्मचारीले जानाजानी वा लापरवाही गरी वा प्रचलित कानुन उल्लघन गर्नाले क्याम्पसलाई हुन आएको नोक्सानी सम्पूर्ण वा आंशिक रुपमा निजको संचयकोष वाहेकको तलबवाट कट्टा गरी असुल गरिनेछ ।

६१) **निलम्वनमा राखि कारबाही गर्ने :** (१) निम्नलिखित अवस्था भएमा क्याम्पस सञ्चालक समितिले सम्वन्धित शिक्षक वा कर्मचारीलाई निलम्बनमा राखी कारवाही गर्नेछ :

(क) निलम्वन नगरी आफ्नो पदको काम गर्न दिदा झुट्टा सवुत संकलन गर्न सक्ने वा आफ्ना विरुद्ध सबुत प्रमाण गायव गर्न सक्ने सम्भावना देखिएमा वा

(ख) निलम्वन नगरि आफ्नो पदको काम गर्न दिदा क्याम्पसलाई हानी नोक्सानी हुने सम्भावना देखिएमा वा कारवाहीमा बाधा पर्ने देखिएमा ।

(२) निलम्वनमा रहेको शिक्षक वा कर्मचारी दोषमुक्त हुने गरि वा कुनै सजाय पाउने गरी क्याम्पस सञ्चालक समितिबाट निर्णय भएपछि निजको निलम्वन समाप्त भएको मानिनेछ।

(३) दफा ६१ (१) बमोजिम कुनै शिक्षक वा कर्मचारीलाई निलम्वनमा राख्दा साधारणतया ३ महिना भन्दा बढी निलम्वनमा राख्नु हुँदैन । सो अवधिभित्रै शिक्षक वा कर्मचारीको कारवाही किनारा लगाउनु पर्छ ।

६२) **सजायको कार्यविधिः** (१) कुनै शिक्षक वा कर्मचारीलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि सञ्चालक समितिले कारवाही गर्न लागिएको कारण उल्लेख गरी सो शिक्षक वा कर्मचारीलाई सुचना दिई निजलाई आफ्नो सफाइको सबुत पेश गर्ने मौका दिनु पर्छ ।

(२) उपदफा (१) बमोजिम सुचना दिँदा शिक्षक वा कर्मचारीमाथि लगाइएको आरोप स्पष्ट रुपले किटिएको हुनु पर्छ ।

(३) आरोप लागेका शिक्षक वा कर्मचारीको सफाई प्राप्त भएपछि सो सम्वन्धमा सञ्चालक समितिले आवश्यक ठानेमा स्वम् वा अन्य कुनै व्यक्ति वा समितिद्वारा जाँचबुझ गराउन सक्नेछ ।

(४) उपदफा ३ वमोजिमका अन्य कुनै व्यक्ति वा समितिले जाँचबुझ गरेकोमा आफ्नो प्रतिवेदनमा कारणसहितको आफ्नो ठहर तथा जो भएको सबुत प्रमाण सञ्चालक समिति सामु दाखिला गर्नुपर्नेछ ।

६३) **सजाय गर्ने अधिकारी** : यस विधानमा स्पष्ट लेखिएकोमा वाहेक सामान्यतः यस परिच्छेद बमोजिमको सजाय गर्ने अधिकारी क्याम्पस प्रमुख हुनेछ ।

६४) **पुनरावेदन** : कुनै शिक्षक वा कर्मचारीलाई आफूले पाएको सजायमा चित्त नबुझेमा आफ्नो पूर्ण विवरण र सजायको आदेशको प्रतिलिपिसमेत सम्लग्न राखी सजायको सुचना पाएको मितिले बाटोको म्यादबाहेक २० दिनभित्र सञ्चालक समितिसमक्ष पुनरावेदन गर्न सक्नेछ ।

६५) **सेवामा पुनः कायम रहेमा तलब भत्ता पाउने** : कुनै शिक्षक वा कर्मचारीलाई क्याम्पसको सेवावाट हटाउने वा वर्खास्त गर्ने आदेश बदर भई निज पुनः सेवामा कायम भएको अवस्थामा क्याम्पसको सेवावाट हटाइएको वा वर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पुरा तलब, भत्ता र ग्रेड वृद्धि भए त्यस्तो वृद्धि समेत निजले पाउने छ ।

## परिच्छेद १४
## प्राध्यापक संघ, कर्मचारी संघ र स्वतन्त्र विद्यार्थी युनियन,

**६६) प्राध्यापक संघ :**

क्याम्पसमा कार्यरत शिक्षकहरूको पेशागत हक र हितको जर्गेना गर्न एक क्याम्पस प्राध्यापक संघ गठन गर्न सकिनेछ ।

**६७) कर्मचारी संघ :**

क्याम्पसमा कार्यरत कर्मचारीहरूको पेशागत हक र हितको जर्गेना गर्न एक क्याम्पस कर्मचारी संघ गठन गर्न सकिनेछ ।

६८) **स्वतन्त्र विद्यार्थी युनियन :**

क्याम्पसमा नियमितरुपमा अध्ययनरत विद्यार्थीहरूको एक स्वतन्त्र विद्यार्थी युनियन गठन गर्न सकिनेछ ।

## परिच्छेद-१५
## विविध

६९) **अधिकार प्रत्यायोजन**

यस विधानमा व्यवस्था गरिएको कुनै पनि अधिकारलाई अधिकार प्राप्त व्यक्ति, समिति वा सभाले आफूभन्दा तल्लो व्यक्ति वा समितिलाई प्रत्यायोजन गर्न सक्नेछ तर यसरी प्रत्यायोजन गरेको अधिकार कुनै पनि बेला फिर्ता लिन सकिने छ ।

७०) **सुविधा दिने :** क्याम्पसको हितलाई ध्यानमा राखि कुनै विषयमा लगातार तीन वर्षसम्म न्यूनतम विद्यार्थी सङ्ख्या नपुगी कुनै दरबन्दी नै खारेज गर्ने निर्णय भएमा त्यस्तो निर्णयको फलस्वरुप कुनै शिक्षक क्याम्पसको सेवाबाट हट्ने भएमा वा कुनै कर्मचारीमा कार्यदक्षताको अभाव भई सेवाबाट हटाउनु पर्ने देखिएमा त्यस्तो शिक्षक वा कर्मचारीलाई थप ३ महिनाको तलब प्रदान गरी सेवाबाट अवकाश दिन सक्नेछ ।

७१) **नीरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने :** स्थायी नियुक्ति लिनु भन्दा पहिले शिक्षक तथा कर्मचारीले नेपाल सरकार स्वास्थ्य सेवा अन्तर्गतका मान्यताप्राप्त चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

७२) **बुझबुझारथ गर्नुपर्ने :** कुनै शिक्षक वा कर्मचारीले सेवाबाट अवकाश लिँदा तोकिएको कर्मचारीलाई आफ्नो जिम्मामा रहेको सरसामान १५ दिन भित्रमा बुझबुझारथ गर्नु पर्नेछ । सो बुझबुझारथ नगरेसम्म निजले सेवा छाड्दा पाउनु पर्ने सेवासुविधा रोक्का गरिनेछ ।

७३) **असल नियतले काम गरेको बचाउ :** विधान बमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा क्याम्पसको कुनै शिक्षक र कर्मचारी उपर मुद्दा चलाउने वा अन्य कुनै कानुनी कारबाही गरिने छैन ।

७४) **क्याम्पसको चल अचल सम्पत्ति :** क्याम्पस सचालनमा रहेको अवस्थामा सम्पूर्ण चल अचल सम्पति क्याम्पसको स्वामित्वमा रहनेछ । क्याम्पस बिघटन भएको अवस्थामा क्याम्पसको सम्पूर्ण चल अचल सम्पत्ति त्रिभुवन विश्वविद्यालय वा नेपाल सरकारको हुनेछ ।

७५) **विधानको व्याख्या तथा बाधा अड्चन फुकाउने अधिकार :** यस विधानको व्याख्या गर्ने अधिकार सञ्चालक समितिलाई हुनेछ । साथै विधान बमोजिम कामकाज वा कारबाही गर्दा गराउँदा कुनै बाधा अड्काउ पर्न गएमा त्यस्तो बाधा अड्काउ हटाउने वा फुकाउने अधिकार सञ्चालक समिति लाई हुनेछ ।

७६) **विधान संशोधन :** (१) यो विधानको कुनै दफा उपदफा संशोधन गर्नको लागि सभाको सम्पूर्ण सदस्य सङ्ख्याको मत अनिवार्य हुनेछ ।

तर यो दफालाई संशोधन गर्न सकिने छैन ।

(२) यो विधान लागु भएको मितिले सामान्यतया १ वर्ष नवितिकन कुनै संशोधन गरिने छैन ।

७७) **नियम, विनियम र निर्देशिका वा कार्यविधि बनाउने अधिकार :** क्याम्पस सञ्चालक समितिले यो विधानको अधिनमा रही नियमावली, विनियम, निर्देशिका वा कार्यविधि बनाई त्यसलाई लागु गराउन सक्नेछ । त्यस्तो नियमावली, विनिमय, निर्देशिका वा कार्यविधि यो विधानसँग बाझिएको खण्डमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

७८) **खारेजी र बचाउ :**

क) यो विधान लागु भएपछि यस अगाडि लागु भएका विधान तथा नियमहरु खारेज हुनेछन् । यस अगाडि भए गरेका काम कारवाहीहरु यसै विधान बमोजिम भएगरेको मानिने छ ।

ख) यस अघि नियुक्ति पदाधिकारीहरू यो विधान लागू हुदा यस विधानमा तोकिएअनुसारको कार्यकाल पूरा गरिसकेको भए उनीहरूको कार्यकाल समाप्त भएको मानिने छ, तर अर्को व्यवस्था नभएसम्मको लागि सञ्चालक समितिले निजहरूको पदावधि थप गर्न सक्ने छ र कार्यकाल समाप्त नभएको हकमा यसै विधानबमोजिम हुने छ ।

ग) यो विधान लागू हुँदाको समयमा विद्यमान सञ्चालक समितिको कार्यकाल पुरानो विधानअनुरूप समाप्त भएको भए सञ्चालक समितिले अर्को एक वर्ष थप गरी सोही अवधिभित्र क्याम्पससभा विद्यमान कार्य समिति स्वतः सभासद मानिने छन् ।

घ) यो विधान प्रारम्भ हुदाका समयमा कायम रहेको क्याम्पससँगको लेनदेन, कारोबार, ऋण धनलगायत सम्पूर्ण दायित्व र अधिकार यो विधानबमोजिम क्याम्पसको हुने छ ।

ङ) यस विधान र नियमावलीमा ऐन नियमसँग बाँझिएका हदसम्मका विधान, नियमावली र कार्यव्यवस्था निर्देशिकाको दफा र उपदफा स्वतः खारेज हुने छन् ।

च) क्याम्पस विघटन भएको अवस्थामा क्याम्पसको सम्पूर्ण चल अचल सम्पत्ति त्रिभुवन विश्वविद्यालयको वा नेपाल सरकारको हुनेछ ।

**समाप्त**

अनुसूची १

## क्याम्पसको छाप र लोगो